का.जि.प्र.का.द.नं. १००/०५९/६०
६ असार २०८२,
शुक्रबार
20 June, 2025
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक १३८ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

# कर्मचारीको अस्वभाविक सरुवा



जेठ र असार महिना बजेट कार्यान्वयनको दृष्टिमा पिक आवर हो । काम हुने र भुक्तानीको निर्णय हुने भएकाले यो समयमा गरिने कर्मचारी सरुवा र जिम्मेवारी हेरफेरलाई स्वभाविक मानिँदैन ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ असार ।

गत जेठ ११ गते सडक विभागका महानिर्देशक रामहरि पोखरेललाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा तानियो । भौतिक पूर्वाधारमन्त्री देवेन्द्र दाहालको निर्देशनमा पोखरेललाई मन्त्रालय तानेर उक्त मन्त्रालयमा डा. विजय जैशीलाई नियुक्त गरियो । यसो गर्नुको कारण के हो ? मन्त्री र भौतिक पूर्वाधार मन्त्रालयका अधिकारीहरू पृष्ट जवाफ दिँदैनन् । बरु कर्मचारी सरुवाको शृंखला निरन्तर छ ।

भौतिक पूर्वाधार मन्त्रालयले दुई वरिष्ठ सहसचिव सुपरिटेन्डेन्ट इन्जिनियरलाई जिम्मेवारीविहीन जस्तै बनाएको छ । तर अर्का एक कनिष्ठ कर्मचारीलाई दुईवटा महाशाखाको जिम्मा दिइएको छ । ती हुन्- अर्जुन अर्याल । अर्याललाई वैदेशिक सहायता समन्वय महाशाखा र सम्भार महाशाखा दुवैको प्रमुखको जिम्मेवारी दिइएको छ ।

वैदेशिक सहायता समन्वय महाशाखा वार्षिक करिब ४० अर्ब रुपैयाँ बजेट परिचालन गर्ने महाशाखा हो । सम्भार महाशाखा करिब ९ अर्बको बजेट चलाउने महाशाखा हो । यो दुवैको प्रमुखको जिम्मेवारी अर्याललाई दिइएको छ । शक्तिशाली र सर्वाधिक बजेट भएका महाशाखाको जिम्मेवारीमा एकै व्यक्तिलाई राखिनुको कारण पनि मन्त्रालयले दिएको छैन ।

अन्य कर्मचारीहरूको पनि सरुवा भएको छ। सहसचिव रामहरि पोखरेललाई सडक विभागबाट ट्राफिक सुरक्षा महाशाखामा लागिएको छ भने योजना महाशाखाका प्रमुख उमेशबिन्दु श्रेष्ठलाई जलमार्ग महाशाखामा पठाइएको छ । भौतिक पूर्वाधार मन्त्रालयमा रहेका प्रभात झालाई योजना महाशाखामा >>> पृष्ठ २ मा

# आलमलाई उन्मुक्ति दिने न्यायाधीश छानबिनमा

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ५ असार



ईंट्टाभट्टामा जिउँदै मान्छे हालेर मारेको अभियोगमा जन्मकैद सजाय पाएका नेपाली कांग्रेसका नेता तथा पूर्वसांसद मोहम्मद अफताब आलमलाई उन्मुक्ति दिने न्यायाधीशमाथि छानबिन सुरु भएको छ ।

आलमलाई उन्मुक्तिको आदेश दिने न्यायधीशहरू खुसीप्रसाद थारु र अर्जुन महर्जन न्यायपरिषद्मा तानिएका छन् । आलमसहित ४ जनालाई सफाइ दिने उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जका २ न्यायाधीशलाई त्यहाँबाट झिकाउन न्याय परिषद्ले सिफारिस गरेको छ ।

न्यायपरिषद्को बिहीबार बसेको बैठकले उनीहरूलाई जिम्मेवारीबाट अलग गर्दै सर्वोच्च अदालतमा ल्याइएको हो ।

न्यायधीशद्वयविरुद्ध उजुरी पर्नुका साथै चौतर्फी दबाब बढेपछि न्याय परिषद्ले उनीहरूलाई सर्वोच्चमा तानेका हुन् । रौतहटको बम काण्डमा मारिएका त्रिलोकप्रसाद सिंह (पिन्टु)का बुवा श्रीनारायण सिंह राजपुतले न्याय परिषद्मा मंगलबार उजुरी दिएका थिए । अभियन्ता युवराज सफलले पनि न्यायाधीशद्वय थारू र महर्जनविरुद्ध छुट्टै उजुरी दिएका छन् । उजुरीकर्ताहरूले न्यायाधीशद्वयलाई तत्काल निलम्बन गरी आलमलाई उन्मुक्ति दिइएको मिसिल झिकाएर न्यायिक परीक्षण माग गरेका थिए ।

परिषद् बैठकले उक्त विषयमा छानबिन गर्न सर्वोच्च अदालतका न्यायाधीश विनोदकुमार शर्मा नेतृत्वको समिति गठन पनि गरेको छ ।

अब उक्त समितिले न्यायपरिषद्मा परेका उजुरीमाथि छानबिन गरी प्रतिवेदन बुझाउने छ ।

अब न्याय परिषद् सिफारिस गरेसँगै सर्वोच्चले उनीहरूलाई काजमा तानेर छानबिनको प्रक्रिया अघि बढाउनेछ । छानबिनमा तानिएपछि दुवै न्यायाधीशले मुद्दा हेर्न नपाउने भएका छन् ।

थारू अहिले अस्थायी इजलास वीरगञ्जका एक नम्बर न्यायाधीश हुन् । >>> पृष्ठ २ मा

## निजामती विधेयकमा 'कुलिङ पिरियड'

# ५२ संवैधानिक पदसँग जोड्ने प्रयास

कर्मचारीको दबाबमा परेर प्रधानमन्त्री ओलीकै निर्देशनअनुसार विधेयक छलफलको कार्यसूचीबाट हटाइएको भन्दै चौतर्फी विरोध भएको छ ।



समितिले सर्वसहमतिमा पारित गरेर सदनमा पठाएका कानुनहरू बाटोमै भत्काउन पाइँदैन । सरकारलेसमेत ग्रहण गरिसकेको यो विधेयक मंगलबारको कार्यसूचीबाट हटाएपछि बिहीबार राखिनुपर्थ्यो

■ **रामहरि खतिवडा**
सभापति
राज्य व्यवस्था तथा सुशासन समिति



प्रधानमन्त्रीबाट यो विधेयकलाई अगाडि बढाउन रोकियो भन्ने छ यसको स्पष्ट जवाफ सहित विधेयक अघि बढाइयोस यो प्रतिपक्षको माग हो

■ **हितराज पाण्डे**
मुख्य सचेतक
नेकपा माओवादी केन्द्र



विधेयकमा प्रस्ताव गरिएको कुलिङ पिरियड खारेज गराउन संयुक्त राजीनामा दिन्छौं भनेर केही कर्मचारीहरूबाट धम्कीपूर्ण अभिव्यक्तिसहित विधेयक ल्याउन रोकावट भइरहेको छ

■ **राजेन्द्र पाण्डे**
सांसद नेकपा एस

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ५ असार ।

प्रतिनिधिसभाबाट प्रक्रियागतरूपमा पारित गर्नका लागि संसदमा पेश भएको संघीय निजामती सेवासँग सम्बन्धित विधेयकमा राखिएको 'कुलिङ पिरियड'लाई संवैधानिक निकायका ५२ पदाधिकारीसँग जोड्ने प्रयास भएको छ । प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिबाट सर्वसम्मत पारित भएर संसदीय प्रक्रियामा अगाडि बढाउन पेश गरिएको विधेयक प्रधानमन्त्रीकै निर्देशनमा कार्यसूचीबाट हटाइएको छ ।

यसलाई सर्वोच्च अदालतको ५२ जना संवैधानिक पदाधिकारीको नियुक्ति सम्बन्धमा अन्तिम निर्णयसँग जोडेर पछि सारिएको हुनसक्ने नेताहरूले बताएका छन् । सर्वोच्चले उक्त निर्णय सुनाउने मिति १८ असारका लागि सारेको छ । यसअघि अदालतले २८ जेठकालागि >>> पृष्ठ २ मा

# ग्वार्कोमा तयार भयो फ्लाईओभर


■ यातायात आवागमन सहज हुने ■ १७ करोड रुपैयाँमा निर्माण ■ ईपीसी मोडलमा तयार

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ५ असार

ललितपुरको ग्वार्कोमा निर्माण भएको देशकै पहिलो फ्लाईओभर भएर गाडी ओहोरदोहोर गर्न तयार भएको छ । शुक्रबार फ्लाईओभरको उद्घाटन भएसँगै यहाँबाट गाडी गुड्न थाल्ने छ ।

फ्लाईओभरको मुख्य संरचना निर्माण सकिएसँगै सवारी साधन सञ्चालनका लागि तयार भएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार उद्घाटनसँगै ओभरपासबाटै सवारीसाधन सञ्चालन गरिने छ ।

फ्लाईओभर सञ्चालनमा



आएपछि कोटेश्वर तथा ग्वार्को क्षेत्रको यातायात सञ्चालन सहज हुनेछ भने ट्राफिक व्यस्थापन पनि चुस्त हुनेछ । ग्वार्को ओभरपास निर्माणबाट चक्रपथको सातदोबाटो-कोटेश्वर सडक खण्ड, मंगलबजार-इमाडोल-लुभु सडक खण्डमा सवारी आवागमन सहज हुने अपेक्षा गरिएको छ ।

शुक्रबार प्रधानमन्त्री केपी शर्मा ओलीले फ्लाईओभरको औपचारिक उद्घाटन गर्ने कार्यक्रम छ । शुक्रबार अपरान्ह ४ बजे फ्लाईओभरको औपिचारिक उद्घाटन हुने पनि मन्त्रालयले जनाएको छ । यसअघि शनिबार भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालसहित सडक विभागका अधिकारीहरूले फ्लाईओभरको स्थलगत निरीक्षण गरेको थियो ।

सडक विभागको गुणस्तर अनुसन्धान तथा विकास केन्द्रका प्रमुख दीप बाराहीका अनुसार मुख्य संरचनाको निर्माण सकिन्का साथै लेन सेपरेटर, लाइनिङ गर्नेलगायतका >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# इजरायल र इरानमा रहेका नेपालीबारे सांसदहरूले गराए सरकारको ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ असार ।

इजरायल र इरानबीच युद्ध चर्किएसँगै त्यहाँ रहेका नेपालीहरूको स्थिति, सुरक्षा र उद्धारका लागि कूटनीतिक पहल बढाउन सांसदहरूले सरकारको ध्यानाकर्षण गराएका छन् । राष्ट्रियसभाको बिहीबारको बैठकमा विशेष समयमा बोल्दै सांसदहरूले नेपाल फर्किन चाहने र उद्धारको माग गर्ने नेपालीहरूसँग तत्काल सम्पर्क गरी सोहीअनुसार यी दुई देशसँग समन्वय एवं कूटनीतिक पहलकदमी बढाउन सभा अध्यक्षमार्फत परराष्ट्र मन्त्रालयको ध्यानाकर्षण गराए । विश्व शान्तिको कामना गर्दै राष्ट्रियसभा सदस्यहरूले यसबाट नेपाललाई पर्ने सम्भावित खतराबारे सरकारलाई सतर्कता अपनाउनसमेत आग्रह गरे ।

विशेष समयमा नेकपा एकीकृत समाजवादीकी सांसद जयन्तीदेवी राईले इजरायल-इरान युद्धको मारमा नेपालीको स्थिति र सुरक्षाबारे सरकारलाई सदनसमक्ष जानकारी गराउन माग गरिन् ।

विशेष समयमा दलीय आधारमा उपलब्ध समयमा नेकपा माओवादी केन्द्रका सांसद सुरेशकुमार आलेमगर, नेपाली कांग्रेसका सांसद पदमबहादुर परियार र नेकपा एमालेकी सांसद भगवती न्यौपानेले इजरायल-इरान युद्धले नेपालमा पर्ने प्रभावबारे सरकारको ध्यानार्कषण गराए ।

'इजरायलमा झण्डै सात हजार र इरानमा एक दर्जन नेपाली छन् । सरकारले उहाँहरूको सुरक्षाका लागि केही कदम पनि चालेको छ, कूटनीतिक पहलबाट स्वदेश फर्किन चाहनेलाई तत्काल फिर्ता गरियोस्,' सांसद न्यौपानेले भनिन् ।

परराष्ट्र मन्त्रालयले बुधबार इजरायल र इरानबीचको द्वन्द्वका कारण पछिल्ला केही दिनमा विकसित घटनाक्रमपछि नेपाली नागरिकलाई ती देशमा यात्रासम्बन्धी जानकारी (ट्राभल एड्भाइजरी) जारी गरेको छ । मन्त्रालयले विज्ञप्तिमार्फत नेपालबाट इजरायल, इरान वा मध्यपूर्वका अन्य मुलुक भ्रमण वा वैदेशिक रोजगारीमा जान चाहने नेपाली नागरिकका लागि सो जानकारी जारी गरेको हो ।

इजरायल र इरान तथा मध्यपूर्वका अन्य मुलुकको भ्रमण वा वैदेशिक रोजगारी वा अन्य प्रयोजनका लागि जाने तयारी गरिरहेका नेपाली नागरिकलाई हालको जटिल परिस्थिति कायम रहेसम्म त्यस्ता भ्रमण तथा यात्रा नगर्न मन्त्रालयले अनुरोध गरेको छ ।

इजरायल र इरानबीच विकसित घटनाक्रमलाई नेपाल सरकारले नजिकबाट नियालिरहेको उल्लेख गर्दै त्यहाँ रहेका नेपाली नागरिक हालसम्म सुरक्षित रहेको र उनीहरूको हितको रक्षा गर्न आवश्यकताअनुसार उपयुक्त कदम चालिने विज्ञप्तिमा उल्लेख गरिएको छ ।

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना

यस मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही मिति २०८२ असार १५ गतेभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस मध्यान्ह राष्ट्रिय दैनिकको रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२९८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com

# विवादमै सकियो रजिष्ट्रार महतको कार्यकाल

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ५ असार




कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार नृपेन्द्र महतको ४ वर्षे कार्यकाल विवादै विवादमा सकिएको छ ।

रजिष्ट्रार महतले पदावधि सकिनु पूर्व प्रक्रिया विपरीत कर्मचारी नियुक्त गर्न लागेको भन्दै कर्मचारीसँग विवाद चर्किएको हो । रजिष्ट्रार महतको कार्याकाल ३ असारबाट सकिएको हो ।

प्रतिष्ठानमा ४ वर्षका लागि ३ असार २०७८ मा नियुक्त भएका उनको ४ वर्ष कार्यकाल मंगलबार पूरा भएर सकिएको हो ।

महतले नियुक्त हुनुभन्दा एक दिन अघिदेखि नै तलबलगायतका सेवा सुविधा लिएका थिए । जबकी उनले रजिष्ट्रारको नियुक्तिपत्र १० असारमा लिएका थिए । उनको नियुक्ति ३ असारमा भएको थियो । तलब लगायतका सेवा भने २ असारदेखि नै लिएको विवरण छ । नियुक्ति बुझेको मितिबाट तलव, भत्ताको सुविधा लिनुपर्नेमा नियुक्त हुनभन्दा अघिल्लो दिनदेखिकै तलव लिएर रजिष्ट्रार महतले आफ्नो हात जगन्नाथ गरी सार्वजनिक प्रशासनिक नियम मिचेर सेवाको सुरुवातमै भ्रष्टाचार गरेको कर्मचारीहरू बताउँछन् । प्रतिष्ठान स्रोतका अनुसार जुनदिन नियुक्त भएका हुन सोही दिनदेखि सेवासुविधा लिन पाइन्छ ।

यदि महतले पत्र बुझेको १० असारलाई कार्यकालको आधार मान्ने हो भने ७ दिनअघिको तलब भ्रष्टाचार ठहर हुने कर्मचारीहरू बताउँछन् ।

रजिष्ट्रार महतले पत्र बुझ्नु अघिदेखि नै तलब लगायतका सेवा लिएको देखिन्छ । महतले १० असार को मितिमा पत्र लिएको देखिन्छ । उनको पत्रमा पनि ३ असारमा निर्णय भएको भनेर मात्र उल्लेख छ । तर उनले २ असारदेखि नै तलब लिएका छन् ।

स्वास्थ्य मन्त्रालय लेखा महाशाखा प्रमुख गोपिचन्द्र भण्डारीका अनुसार कर्मचारीले हाजिर भएको दिनदेखि तलब लिन पाउने सुविधा रहेको बताउँछन् । 'प्रतिष्ठानमा हाजिर भएको दिन नै पत्र बुझ्नु पर्छ । सेवा सुविधा पाएको मितिदेखि नै कार्यकाल सकिने हो', उनले भने ।

उनले नियुक्तिपत्र बुझ्नुभन्दा पहिले तलब लिनु कानुनसम्मत नभएको बताए । 'यदि यस्तो भएको छ भने नियमन गर्ने निकायले कारवाही गर्नुपर्छ', भण्डारीले भने ।

यस्तै, रजिष्ट्रार महतले कार्यकाल सकिन लाग्दा प्रक्रिया विपरीत कर्मचारी नियुक्त गर्न लागेको भन्दै प्रतिष्ठान कर्मचारीहरूले प्रतिष्ठानको प्रशासनमा ताला लगाएका छन् ।

जुम्ला कार्यालय र काठमाडौं सम्पर्क कार्यालयमा कर्मचारीले ताला लगाएको प्रतिष्ठानका वरिष्ठ प्रशासकीय अधिकृत द्वन्द्वबहादुर शाहीले जानकारी दिए । उनले महतले जाँदाजाँदै प्रक्रिया विपरीत प्रतिष्ठानको विज्ञापन कार्यकारी परिषद्बाट स्वीकृत समेत नगरी एकल निर्णय गर्दै अगाडि बढेपछि विरोधमा उत्रनु परेको बताएका छन् ।

रजिस्ट्रारले प्रक्रिया विपरीत स्वीकृत दरबन्दी किताबमा नभएको पद समेत विज्ञापन गरेपछि तालाबन्दी गर्नुपरेको हो । उनले भने, 'प्रतिष्ठानको आर्थिक कार्यभारको ख्याल नगरी दरबन्दी किताबमा नभएका पदको विज्ञापन गरिनु संस्थाको हित विपरीत हो ।' प्रतिष्ठान कर्मचारीका अनुसार रजिष्टार महले कार्यकालको अवधिभरी नै प्रतिष्ठानको नियम विपरीत काम गरेको आरोप लगाउँदै आएका छन् ।

## कर्मचारीको...

लगिएको छ । यी सरुवा जेठ दोस्रो साता यता भएका हुन् । कर्मचारीहरूका अनुसार जेठ र असार महिना बजेट कार्यान्वयनको दृष्टिमा पिक आवर हो । काम हुने र भुक्तानीको निर्णय हुने भएकाले यो समयमा गरिने कर्मचारी सरुवा र जिम्मेवारी हेरफेरलाई स्वभाविक मानिँदैन ।

किनभने एउटा कर्मचारीले शाखा/महाशाखाको नेतृत्व गर्दै गर्दा आर्थिक वर्षको अन्तिममा के कति प्रगति भए भनेर देखाउने योजना बनाएको हुन्छ । कार्यरत ठाउँबाट अर्को ठाउँ जाँदा योजना प्रभावित हुन्छ भने नयाँ जानेले जिम्मेवारी लिएको ठाउँमा कुनै योजना बनाउन पाउँदैन ।

यस्तो अप्ठ्यारो हुन नदिन कर्मचारीको सरुवा आर्थिक वर्षको अन्तिममा नगर्ने अभ्यास छ । तर भौतिक पूर्वाधार मन्त्रालयगतका निकायमा चालू आर्थिक वर्षको अन्तिम समयमा समेत कर्मचारी सरुवा र बढुवा भएको हो ।

भौतिक पूर्वाधार मन्त्रालयका अनुसार कर्णाली कोरिडोरका दुई प्याकेज, तुलसीपुर-घोराही सडकको प्राविधिक प्रस्ताव खुल्दैछ । मदनभण्डारी राजमार्गको सर्दुखोला-झण्डाचोक खण्ड र बीपी राजमार्ग पुनर्निर्माण आयोजनाको ठेक्का सम्झौता अन्तिम चरणमा छ ।

आर्थिक वर्षको अन्तिममा अर्बौंका ठूला सडक आयोजनाहरूको ठेक्का सम्झौताका तयारी हुँदै गर्दा माथिल्लो तहका कर्मचारीहरूको सरुवा भएको हो । यसकारण कर्मचारी सरुवालाई कतिपयले शंकाले हेरेका छन् । तर यो विषयमा मन्त्रालयका कर्मचारीहरू सार्वजनिक रूपमा बोल्न मान्दैनन् ।

सार्वजनिक खरिद नियमावलीअनुसार ठेक्का सम्झौता भएलगत्तै निर्माण कम्पनीले कुल रकमको १० प्रतिशतसम्म मोबिलाइजेसन खर्च पाउँछन् । यसकारण पनि आर्थिक वर्षको अन्तिममा हुने सरुवा र जिम्मेवारी हेरफेरलाई स्वभाविक मानिँदैन ।

## आलमलाई...

त्यसअघिका एक नम्बरका न्यायाधीश राजन भट्टराई उच्च अदालत विराटनगरमा मुख्य न्यायाधीशमा सिफारिस भएर नियुक्त भएपछि थारू एक नम्बरमा उक्लिएका हुन् ।

न्यायाधीशद्वय थारू र महर्जनको इजलासले १४ जेठमा आलमका अलावा महताब आलम, शेख सेराज भन्ने शेख सराद र बद्री सहनीलाई पनि सफाइ दिने फैसला गरेको थियो ।

उनीहरूले जिल्ला अदालत रौतहटले १३ वैशाख २०८१ मा गरेको जन्म कैदको सजाय १४ जेठमा उल्ट्याइदिएका थिए ।

जिल्ला अदालत रौतहटका न्यायाधीश मातृकाप्रसाद आचार्यको इजलासले आलमलाई जन्मकैदको सजाय सुनाएपछि उनी नख्खु जेलमा थिए । आलम त्यही बेलुका छुटिसकेका छन् । त्यसपछि उनलाई ब्रेन स्ट्रोक भएर गम्भीर बिरामी परेका थिए ।

२७ चैत २०६४ को संविधानसभा निर्वाचनताका रौतहटमा इँटाभट्टामा जिउँदै आफ्ना कार्यकर्ता जलाएको अभियोग आलममाथि थियो । संविधानसभा निर्वाचनको पूर्वसन्ध्यामा रौतहटको राजापुरमा आलमको निर्देशनमा बम विस्फोट भएको थियो ।

त्यसबेला आलमले २३ जनालाई इँटाभट्टामा जिउँदै जलाएर मारेको आरोप लागेको थियो ।

२९ कात्तिक २०७६ मा जिल्ला अदालत रौतहटले आलमलाई पुर्पक्षका लागि कारागार पठाउने आदेश दिएको थियो । न्यायाधीश मातृका प्रसाद आचार्यको एकल इजलासले प्रतिवादी आलमलगायतलाई जन्मकैदको सजाय सुनाएका थिए ।

जिल्ला अदालतको उक्त आदेश उच्च अदालतले उल्ट्याइदिएपछि त्यसबारेमा देशभर न्यायालयको भूमिकामाथि अनेक टीकाटिप्पणी र विरोध भइरहेको थियो ।

त्यसको पोल खुल्ने डरले बम विष्फोटका घाइतेहरूलाई इँटा भट्टामा हालेर जलाएको आरोप पूर्वमन्त्री आलममाथि लागेको थियो ।

आलमलाई सफाइ दिएको आक्रोशमा दुवै न्यायाधीशलाई इजलासमै धर्मेन्द्र बास्तोला नेतृत्वको नेकपा बहुमतका कार्यकर्ताले मोसो दलिदिएका थिए । त्यहीकारण उनीहरूको सुरक्षामा पनि चुनौती बढेपछि सर्वोच्चमा काजमा तानिएको हो ।

## ५२ संवैधानिक...

'निर्णय सुनाउने' मिति तोकेको थियो । उनीहरूको नियुक्ति बदर भए सो पदमा नियुक्ति खाने कर्मचारीको योजनाअनुसार निजामति विधेयकमा राखिएको कुलिङ पिरियडको विषय टाउको दुखाई भएको हो ।

बुधबार बालुवाटारमा बसेको सत्तारूढ दलका प्रमुख नेताहरूको छलफलमा प्रधानमन्त्री ओलीले उक्त विधेयकका विषयमा छलफल नपुगेकाले अघि नबढाउन प्रस्ताव राखेका थिए । सोही अनुसार संसद्को मंगलबारको कार्यसूचीबाट हटाइएको विधेयक फेरि प्रक्रियामा नल्याइएको नेताहरूको भनाइ छ । अघिल्लो दिन कार्यसूचीबाट हटाइएका विषयलाई लगत्तैको बैठकमा राख्नुपर्ने संसदीय व्यवस्था छ । तर, बुधबार छाडेर बिहीबार बसेको संसद्मा यो विषयले स्थान नपाएपछि सत्ता र प्रतिपक्षका नेताहरूले आपत्ति जनाएका छन् ।

'कुलिङ पिरियड' प्रावधान हटाउन मुख्यसचिव एक नारायण अर्यालसहित दर्जन सचिवहरूले संयुक्त राजीनामाको चेतावनी दिँदै सरकारमाथि दबाब दिन व्यस्त छन् । संसदीय समितिबाट सर्वसम्मतरूपमा पास भएर संसदमा पुगेको विधेयकलाई बाटोमै भत्काउन खोज्ने राम्रो नभएको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले बताए । उनले मध्यान्हसँग भने 'समितिले सर्वसहमतिमा पारित गरेर सदनमा पठाएका कानुनहरू बाटोमै भत्काउन पाइँदैन । समितिले पास गरेर सरकारलेसमेत ग्रहण गरिसकेको यो विधेयक मंगलबारको कार्यसूचीबाट हटाएपछि बिहीबार राखिनुपर्थ्यो, त्यसो हुन सकेन ।' १४ असारसम्म संसदमा बजेट माथिको छलफल भएकाले यसपछि संसद्को कार्यतालिकामा रहनेगरी पछि सारेको हुनसक्ने उनले बताए ।

तर, कर्मचारीको दवाबमा परेर प्रधानमन्त्री ओलीकै निर्देशनअनुसार विधेयक छलफलको कार्यसूचिबाट हटाइएको भन्दै चौतर्फी विरोध भएको छ । जागिरको अवकाश पाउनासाथ राजनीतिक नियुक्ति खाने तयार परेका मुख्य सचिव र सचिवहरूले २ वर्ष पर्खनुपर्ने व्यवस्था हटाउन सबै शक्ति प्रयोग गरेका छन् । आगामी मंसिरमा अवकाश जाने मुख्य सचिव एकनारायण अर्यालसहितका सचिवहरू संवैधानिक तथा कूटनीतिक निकायहरूमा जान अहिलेबाटै सेटिङमा छन् । कुलिङ पिरियड राखेर कानुन बनेको खण्डमा उनीहरू कम्तिमा २ वर्ष बेरोजगार बस्नुपर्ने हुन्छ ।

सरकारले भने बजेटका विषयमा छलफल भइरहेकाले विधेयकको विषयलाई केही पर धकेलेको बताइरहँदा सांसदहरूले भने बजेटसँगै विधेयकलाई पनि संगसँगै लगेर पारित गर्नुपर्ने बताएका छन् ।

प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका मुख्य सचेतक हितराज पाण्डेले यो विधेयकलाई तत्काल कार्यसूचीमा राखेर अगाडि बढाउन सरकारको ध्यानाकर्षण गराएका छन । 'विधेयक अविलम्ब पारित गरेर देशमा भएको निजामती कर्मचारीमात्र होइन स्थानीय सरकार, प्रदेश सरकार सबैको समस्या हल गर्नुपर्छ', उनले भने 'यो कुरामा प्रमुख प्रतिपक्षी दलको तर्फबाट सरकारको गम्भीर ध्यानाकर्षण गराउँछु ।' अति महत्त्वपूर्ण विधेयक लगातार सदनबाट पारित गरियोस् भनेर भनिरहे पनि सरकारको तर्फबाट त्यसो हुन नसकेको उनको भनाइ छ ।

'सरकार भन्छ, एकातिर विधेयक छिटो प्रस्तुत गर्ने हो, छिटो ल्याउने हो, तर बोलीमा एकथोक र व्यवहारमा अर्कोथोक देखिन्छ', उनले भने । 'प्रधानमन्त्रीबाट यो विधेयकलाई अगाडि बढाउन रोकियो भन्ने छ । यसको स्पष्ट जवाफसहित विधेयक अघि बढाइयोस् यो प्रतिपक्षको माग हो', पाण्डेले मध्यान्हसँग भने ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा नेकपा एकीकृत समाजवादी (नेकपा एस)का सांसद राजेन्द्र पाण्डेले पनि कर्मचारीहरूको धम्कीका कारण सरकारले निजामती विधेयक अघि नसारेको दाबी गरे । 'केही कर्मचारीहरूले संघीय निजामती विधेयकमा प्रस्ताव गरिएको कुलिङ पिरियड खारेज गराउन संयुक्त राजीनामा दिन्छौं भनेर धम्कीपूर्ण व्यवहार गर्दै यो विधेयक ल्याउन रोकावट भइरहेको मैले सुनेको छु', नेता पाण्डेले भने 'सभामुख महोदय, सरकारले खुट्टा नकमाओस् । विधेयक तुरुन्त पास गरोस् । २५ जना सचिवहरूले राजीनामा दिन्छन् भने नयाँ सहसचिवहरूले काम पाउँछन् । धम्कीको भरमा यस्ता नीति निर्माण गर्न दिनु हुँदैन ।'

निजामती विधेयकसँगै विद्यालय शिक्षासँग सम्बन्धित र नागरिकतासँग सम्बन्धित विधेयक अगाडि बढाउन सांसदहरूले माग गरेका छन् । संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक बहुप्रतीक्षित विधेयकका रूपमा लिइएको छ । यो विधेयक सुशासन समितिबाट उपसमिति, समिति हुँदै १ असार २०८२ मा सदनमा पेश भएको थियो । २१ फागुन २०८० मा दर्ता भएको यो विधेयक २१ चैत २०८० मा विचार गरियोस् भनेर सदनमा सैद्धान्तिक छलफल भएको थियो । १५ जेठ २०८१ मा समितिमा सदनबाट पठाइएको थियो । यसरी पेस भएपछि पनि ३ असारमा यही विधेयक उपर कार्यसूची पनि तय भएको थियो । तर त्यस दिन कार्यसूचीबाट हटाइएको हो । सत्तारूढ दल नेकपा एमालेका मुख्य सचेतक महेश बड्तौलाले भने माओवादीले यो विषयलाई राजनीतिक गरेको जिकीर गर्दै सरकारकै अगुवाईमा विधेयक प्रक्रियामा अघि बढेको बताएका छन् ।

## ग्वार्कोमा...

कामहरू पनि सम्पन्न भएको छ । आशिष समानान्तर रेलिगेर जेभी काठमाडौंले फ्लाई ओभर निर्माणको काम गरेको हो । केन्द्रका प्रमुख बाराहीले अब फ्लाईओभर भएरै सवारी सञ्चालनका लागि तयारी अवस्थामा पुगेको बताए । उनले १७ करोड ६ लाख ८८ हजार रुपैयाँको लागतमा फ्लाईओभर निर्माण भएको बताए ।

ओभरपासको मुख्य संरचना निर्माणकार्य पूरा भएसँगै अब सवारीसाधन सञ्चालनको तयारी गरिएको सडक विभाग, गुणस्तर, अनुसन्धान तथा विकास केन्द्रका सिनियर डिभिजनल इन्जिनियर प्रदीप भण्डारीले जानकारी दिए । २०७८ सालबाट ओभरपास निर्माण सुरु गरिएको हो ।

मुख्य संरचनाको निर्माण पूरासँगै लेन सेपरेटर राख्ने, लाइनिङ गर्ने, ट्राफिक बत्ती जडानलगायतका काम पूरा भएपछि सवारीसाधन सञ्चालन हुने अवस्थामा पुगेको भण्डारीले जानकारी दिए । यो ओभरपास सञ्चालनपछि सवारीले ग्वार्कोमा रोकिनु नपर्ने र अनवरत घुम्न पाउने छन् ।

पूर्वनिर्धारित समयमा निर्माण कार्य पूरा हुन नसके पछि सरकारको पटक पटक दबाबले ठेकेदार कम्पनीले छिटो काम सकेको हो ।

चक्रपथमा गुड्ने सवारी साधनहरू ट्राफिक जाममा रोकिनु नपर्ने गरी सरकारले ईपीसी मोडलमा १२ फागुन २०७८मा निर्माण कम्पनी आशिष समानान्तर जेभीसँग सम्झौता गरेको थियो । सम्झौताअनुसार ११ फागुन २०८०सम्म निर्माण सम्पन्न हुनुपर्ने थियो ।

२०८० फागुनमा नै सम्पन्न गर्ने गरी आयोजना अघि बढाइएको भए पनि पटक-पटक म्याद थपिएको थियो ।

२०७८ साल फागुन १२ गते राष्ट्रियस्तरको प्रतिस्पर्धामार्फत आशिष-समानान्तर रेलिगेर जेभीले १७ करोड ६ लाख ८८ हजारमा ओभरपासको ठेक्का पाएको हो । २०८० फागुन १२ गते सम्पन्न गर्ने सुरुको म्यादमा सम्पन्न नभएपछि २०८१ पुस ८ गतेसम्मको म्याद थप भएको थियो । ठेकेदार कम्पनीले पुस ८ गतेसम्म सम्पन्न नगरेपछि चैत्र मसान्तसम्मको भाका मागेको थियो ।

उक्त भाकाअनुसार काम भइरहेकोमा ओभरपासको ४० मिटरको पुनर्निर्माणले थप एक महिना म्याद सारिएको थियो । २०८२ वैशाखभित्र ग्वार्कोको ओभरपास निर्माण सम्पन्न हुने लक्ष्य लिइएकोमा वर्षाका कारण थप एक महिना निर्माण पर सारिएको थियो ।

काठमाडौं उपत्यकाको चक्रपथमा विद्यमान सवारी आवागमनको अत्यधिक चापलाई व्यवस्थापन गर्न सरकारले ग्वार्कोचोकमा ओभरपास निर्माण शुरु गरिएको थियो ।

चक्रपथ विस्तार आयोजनाअन्तर्गत विस्तारित सडक खण्डमा कोटेश्वरदेखि कलंकीसम्म जाम हुने ३ क्षेत्रमध्ये ग्वार्कोचोकमा पहिलो ओभरपास निर्माण भएको हो । ६ मिटर उचाइ र ४ सय ५५ मिटरको लम्बाइ भएको ओभरपासमा ग्राउन्ड क्लियरेन्स ६ मिटर तथा सवारीसाधन चढ्नका लागि १ सय ८० मिटर दायाँतर्फ र १ सय १० मिटर बायाँतर्फ र्याम्प निर्माण गरिएको छ ।

ललितपुरको ग्वार्को चोकमा निर्माणाधीन ओभरपास इन्जिनियरिङ-खरिद र निर्माण (ईपीसी) मोडलमा अघि बढाइएको हो । यो मोडलअन्तर्गत ठेकेदार कम्पनीले तोकिएको अवधिमा निर्माण सम्पन्न नगरे हर्जना तिर्नुपर्ने व्यवस्था छ । सोहीबमोजिम कम्पनीले हर्जना तिरिरहेको सडक विभाग, गुणस्तर, अनुसन्धान तथा विकास केन्द्रले जनाएको छ ।

करिब १४ लाख सवारीसाधन गुड्ने काठमाडौं उपत्यकामा हालका वर्षमा ट्राफिक व्यवस्थापन निकै ठूलो चुनौती बन्दै आएको छ । बढ्दो सवारीका कारण उत्पन्न भएको यो समस्या तत्काल सजिलै समाधान नहुने यातायात विज्ञहरू बताउँछन् ।

४ प्रतिशतभन्दा कम सार्वजनिक सवारी संख्या भएको नेपालमा ६५ लाख सवारी दर्ता छन् । सवारीको कुल संख्याको ८० प्रतिशत मोटरसाइकल छन् ।

### बलम्बु फ्लाई ओभरको काम अन्तिम चरणमा

काठमाडौंको नागढुंगा-बलम्बु-सिस्नेखोला सुरूङ मार्गलाई त्रिभुवन राजमार्गसँग जोड्न चन्द्रागिरि नगरपालिकाको बलम्बुमा फ्लाई ओभर पुल निर्माणको काम अन्तिम चरणमा पुगेको छ ।

राजमार्गबाट सुरूङ मार्गतर्फ सवारी साधन मोडिँदा ट्राफिक जामको समस्या हुने भएकाले बलम्बुमा फ्लाई ओभर निर्माण गरिएको हो । फ्लाई ओभर १२८ मिटर लम्बाइ र ७ मिटर चौडाइको हुनेछ ।

# दैनिक ४ हजारसम्म कमाउने याङ्गोको अफर




**काठमाडौं/मस-** केही समयअघिदेखि नेपाली बजारमा प्रवेश गरेको राइड हेलिङ एप 'याङ्गो'ले आफ्नो प्लेटफर्म मार्फत् चालकहरूले दैनिक ४ हजार रुपैयाँसम्म कमाउन सक्ने जनाएको छ ।

नेपालमा सञ्चालित दर्जन बढी राइड शेयरिङ एपमध्ये ठूलो हिस्सा २ विदेशी कम्पनी पठाओ र इन्ड्राइभले ओगटेको समयमा अर्को विदेशी कम्पनी याङ्गोमा जोडिएका चालकहरूले दैनिक ४ हजार रुपैयाँसम्म कमाउने अफर ल्याएको छ ।

उपाय, दोस्ती, ई ड्राइभ नेपाल, नेपाल फ्लिट, किम एडभेन्चरलगायत नेपाली कम्पनीसँग मिलेर याङ्गोले एक महिनाअघि काठमाडौंमा परीक्षण राइड सेवा सुरु गरेको थियो ।

दोस्ती राइडमा रहेर फूलटाइम बाइक चालक संजिप राईले याङ्गो एप मार्फत दैनिक २ हजार ५०० देखि ३ हजार रुपैयाँ कमाइ रहेको बताएका छन् । 'याङ्गो मेरो लागि अन्य कुनै पनि प्लेटफर्म भन्दा राम्रो भएको छ । मैले अन्य सबै राइड-सेयरिङ एपहरू प्रयोग गर्न छोडेको छु । यदि यस्तै सुविधा रह्यो भने भने म लामो समयसम्म याङ्गोसँग रहनेछु', उनले भने, 'बढ्दो दैनिक बोनसले मलाई सबैभन्दा बढी आकर्षित गरेको छ ।'

यस्तै अर्का चालक किरण राईले पनि याङ्गोको बोनस प्रणालीबाट सन्तुष्ट छन् । उनी भन्छन्, 'प्रति दिन २ हजार ५०० भन्दा बढी कमाइ हुने गरेको छ ।'

बाइक चालक तेज कुमार लामा याङ्गोमार्फत आय आर्जन गर्ने तरिका सिकाउँदै भन्छन्, 'आफू अनुकुल समय मिलाएर दैनिक १६ वटा ट्रिप पूरा गरेपछि बाइक पार्किङमा राखे हुन्छ । यसबाट औसत रुपमा दैनिक ३ देखि ४ हजार रुपैयाँसम्म कमाइ हुन्छ ।'

याङ्गोको परीक्षण सेवा सुरु भएतायता पार्ट-टाइम चालकको रूपमा काम गरिरहेका अनिल केसीले यसले उनलाई खाना र इन्धनको खर्च सहज रूपमा पूरा गर्न मद्दत गरेको बताउँछन् । 'यात्रुहरूबाट मैले पाउने पैसाले मेरो खर्च आरामसँग पूरा गर्छ, म पार्ट-टाइम आधारमा गाडी चलाउँछु र दैनिक लगभग १, हजार ५०० कमाउँछु । सामान्यतया म प्रति दिन ६-८ वटा अर्डरहरू पूरा गर्छु ।'

राइड-हेलिङ सेवामा यात्रु वा चालकको सुरक्षा नै पहिलो प्राथमिकता भएको कम्पनीले जनाएको छ । यसका लागि कम्पनीले २० भन्दा बढी सेफ्टी फिचरसमेत ल्याएको छ ।

याङ्गो समूह एक अन्तर र्राष्ट्रिय प्रविधि कम्पनी हो, जसले विश्वव्यापी रूपमा प्राप्त प्रविधिहरूलाई स्थानीय समुदायहरू अनुरूप दैनिक सेवाहरूमा रूपान्तरण गर्दछ । याङ्गो समूहले अफ्रिका, ल्याटिन अमेरिका, युरोप, मध्यपूर्व, दक्षिण एशियासहित ३० बढी देशमा गतिशीलता, डेलिभरी, फूडटेक, मनोरञ्जनलगायत डिजिटल सेवाहरू प्रदान गरिरहेको छ ।

याङ्गो राइडले स्थानीय ट्याक्सी व्यवसायीका लागि पारदर्शिता, दक्षता र मूल्य बढाउन डिजिटल लेखा प्रणाली, फ्लिट व्यवस्थापनलगायत कार्यहरू गरिहेको छ ।

# बालशिक्षामा स्थानीय सामग्रीको प्रयोग

**निस्ता कार्की/मध्यान्ह**
कालीकोट, ५ असार



कालीकोटका प्रारम्भिक बालविकास केन्द्रहरूमा अध्यापन गराउने शिक्षकहरूले स्थानीय स्रोत-सामग्री प्रयोग गरी सिकाइलाई सहज, आकर्षक र सान्दर्भिक बनाउने अभियान सुरू गरेका छन् ।

'घर बलियो जगले, राष्ट्र बलियो प्रारम्भिक बालविकासले' भन्ने नारालाई आत्मसात गर्दै शिक्षकहरूले बालबालिकाको सर्वाङ्गीण विकासमा योगदान पुऱ्याउने शैक्षिक अभ्यासमा जोड दिएका हुन् । नरहरीनाथ गाउँपालिका र सान्नी त्रिवेणी गाउँपालिकाका इसिडीदेखि कक्षा ३ सम्मका शिक्षकहरू स्थानीय स्रोत प्रयोग गरी बालमैत्री वातावरणमा सिकाइ क्रियाकलाप सञ्चालन गर्दै आएका छन् ।

पञ्चदेवल मावि, मेहलमुडीकी शिक्षक भावना शाहीले शिक्षकको पद्धतिमै परिवर्तन आए बालबालिकाको सिकाइमा गहिरो प्रभाव पर्न सक्ने बताइन् ।

उनले भनिन् 'शिक्षकको पढाउने विधिले बालबालिकाको पढाइमा परिवर्तन आउन सक्छ । शिक्षक निपूर्ण नभइ बालबालिकाको प्रारम्भिक बालविकासमा सहयोग सहयोग पुग्दैन । शिक्षक शैक्षिक सामग्री निर्माणदेखि प्रयोग गर्ने विषयमा सृजनशिल हुन जरुरी छ ।'

यसैबीच प्लान इन्टरनेशनल नेपालको आर्थिक सहयोग किर्डाक नेपाल कालीकोटको सहजीकरणमा जिल्लाको नरहरीनाथ गाउँपालिकाका र सान्नी त्रिवेणी गाउँपालिकाका बालविकास केन्द्रमा अध्यापन गराउने २० वटा विद्यालयका शिक्षकहरुलाई स्थानीय सामग्री निर्माण तथा प्रयोग सम्बन्धी तालिम दिइएको सशक्त बालिका परियोजना संयोजक बलिराज शाहीले बताए ।

कार्यक्रममा बालमैत्री सिकाइको प्रवर्द्धनमा विशेष जोड दिइएको छ ।

'खेल्दै सिक्ने, रमाउँदै सिक्ने' अवधारणामा आधारित यो पहलले बालबालिकाको मानसिक, शारीरिक र संवेगात्मक विकासमा टेवा पुऱ्याउने विश्वास गरिएको छ । परियोजनाले हालसम्म १० विद्यालयमा ४० नमूना कक्षा कोठा निर्माणमा समेत सहयोग पुऱ्याएको छ ।

जनप्रिय आधारभूत विद्यालय, नरहरीनाथ-८ का शिक्षक लक्ष्मण भण्डारीले भने, 'महँगा सिकाइ सामग्री नै मात्र प्रभावकारी सिकाइका लागि जरुरी हुन्छ भन्ने सोच हटाउन अब हामी सक्षम भएका छौं ।' उनले कम मूल्यमा पाइने वा स्थानीयस्तरमा सहजै उपलब्ध सामग्री प्रयोग गर्न सकिने बताए ।

कार्यक्रममा सहभागी शिक्षकहरूले आफ्ना विद्यालयमा सिकाइ सामग्रीको विकास र प्रयोगमार्फत शिक्षण-सिकाइलाई व्यवहारिक र बालमैत्री बनाउने प्रतिबद्धता जनाएका छन् ।

शिक्षा समन्वय इकाई कालीकोटका प्रमुख प्रकाशचन्द्र धितालले प्रारम्भिक बालविकास पाठ्यक्रम २०७७ को आधारमा शिक्षण सामग्री विकास गरिएको बताए । उनले भने, 'स्थानीय आवश्यकता र नवीनतम शैक्षिक अवधारणालाई समेटेर बनाइएका सामग्रीले सिकाइलाई सहज बनाउनेछ । यस्ता प्रयास गर्ने शिक्षकहरूलाई भविष्यमा पुरस्कार दिइनेछ ।'

परियोजनाका मूल्यांकन अधिकृत प्रेम चौलागाईंका अनुसार, स्थानीय सामग्रीको प्रभावकारी प्रयोग र कार्यान्वयनमा बालशिक्षकको योगदान अतुलनीय रहेको छ । 'यो गतिशील दस्तावेज हो,'उनले भने, 'यसलाई समयसापेक्ष परिमार्जन गर्दै अझ प्रभावकारी बनाउन शिक्षक, प्रयोगकर्ता र सरोकारवालाको निरन्तर भूमिका आवश्यक छ ।'

# इटाली र अजरबैजान पठाउने भन्दै ठग्ने २ पक्राउ

काठमाडौं/मस- वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी इटाली र अजरबैजान पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-७ बस्ने दाङको घोराही उपमहानगरपालिका-१६ घर भएका १९ वर्षीय दर्शन खड्का र तारकेश्वर नगरपालिका-३ बस्ने गोरखाको धार्चे गाउँपालिका-५ घर भएका ३७ वर्षीय सरेश गुरुङ रहेका छन् ।

पक्राउ परेकामध्ये दर्शनले इटाली पठाइदिन्छु भन्दै तीन जना पीडितबाट छ लाख र सरेशले अजरबैजान पठाइदिन्छु भन्दै दुई जना पीडितबाट चार लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको प्रहरीले जनाएको छ ।

प्रहरीले दर्शनलाई काठमाडौं-७ बाट बुधबार र सरेशलाई काठमाडौं-२६ बाट मंगलबार पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको प्रहरीले बताएको छ ।

# युवकमाथि छुरा प्रहार

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, ५ असार

सिरहाको गोलबजारमा एक युवतीले युवकमाथि छुरा प्रहार गरेकी छन् । छुरा प्रहारबाट गोलबजार नगरपालिका १३ का २४ वर्षीय अशोक कुमार महतो घाइते भएका छन् । गोलबजार नगरपालिका ४ मा डेरागरी बसिरहेका उनलाई बिहीबार साँझ युवती कोठामै पुगेर घाँटीमा छुरा प्रहार गरेकी स्थानीयले बताएका छन् ।

गोलबजार नगरपालिका २ बस्ने १७ वर्षीया युवतीले वादविवादको क्रममा तरकारी काट्ने छुरा घाँटीमा प्रहार गरेको सिरहाका प्रहरी प्रवक्ता डिएसपी विरेन्द्रकुमार पासवानले जानकारी दिए ।

घाइते युवकको स्थानीय भूमिजा अस्पतालमा उपचार भइरहेको छ । प्रहरीले युवतीलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ । स्थानीयका अनुसार दुबै जनाबीच प्रेम सम्बन्ध रहेको जनाइएको छ ।

# श्रम बजारको मागबमोजिम जनशक्ति तयार गर्नुपर्नेमा श्रममन्त्रीको जोड



**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले नेपालीलाई नेपालको रोजगारीमा संलग्न गराउन श्रम बजारको मागबमोजिमको जनशक्ति तयार गर्नुपर्नेमा जोड दिएका छन् । राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले बिहीबार राजधानीमा आयोजना गरेको सरकारी तथा गैरसरकारी निकाय तथा संस्थाको अन्तरक्रिया गोष्ठीमा बोल्दै मन्त्री भण्डारीले नेपालको आफ्नै तथा विश्व श्रम बजारको मागबमोजिम सीप तथा क्षमता विकास गर्नुपर्नेमा जोड दिएका हुन् ।

मन्त्री भण्डारीले देशभित्रै रोजगारी सिर्जना गर्नुपर्ने चुनौतीलाई समाधान गर्न सबै सरोकारवालाहरूले इमानदारिता र गम्भीरतापूर्वक कार्य गर्नुपर्ने बताए । उनले भने, 'देशभित्र आन्तरिक रोजगारीको प्रचुर सम्भावनाहरू छन्, हामीले तालिम दिएर मात्रै होइन, व्यवहारिक र प्रविधिमा आधारित ज्ञान सीपको प्रवर्द्धन गर्नुपर्नेछ ।'

मन्त्रालयका सचिव डा.कृष्णहरि पुष्करले नेपालको श्रम बजारमा परस्परमा असन्तुलित मानिने असिमेट्रिक मार्केट सिन्ड्रोम र म्युटेसन सिन्ड्रोम देखिएकाले त्यसलाई तोड्न प्रभावकारी तवरले काम गर्न श्रम बजारको माग र श्रमिकको प्रक्षेपणमा मन्त्रालयले जोड दिएको बताए । सचिव डा. पुष्करले आन्तरिक रोजगार प्रवर्द्धनको १० वर्षे अभियानमा संलग्न हुन सबैलाई आह्वान गरे ।

कार्यक्रममा ललितपुर महानगरपालिका मेयर चिरीबाबु महर्जनले अहिले देशैभरि स्थानीय तहहरूले सीपमूलक तालिम दिने होडबाजी चलाएको भए पनि तालिम प्राप्त गर्ने व्यक्तिहरूलाई श्रम बजारमा प्रवेश गराउन सहुलियतपूर्ण कर्जा अभाव रहेको भन्दै त्यसको समाधानका लागि काम गर्नुपर्नेमा जोड दिए । गोष्ठीमा विज्ञहरूले आन्तरिक तथा बाह्य रोजगारी सिर्जना गर्नका लागि दक्ष जनशक्ति उत्पादनको विकल्प नरहेको, बजार र मागमा आधारित सीपमूलक तालिमहरूको पाठ्यक्रम, समयावधिलगायतका विषयमा तीन वटा कार्यपत्र प्रस्तुत गरेका थिए ।

# मदरसाको सम्पत्ति व्यक्तिगत हितमा प्रयोग गरेको आरोप

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ६ असार

रौतहटको गरुडा नगरपालिकास्थित जिगडिया चोकमा रहेको शिक्षण संस्था 'महद उमे हबिबा लिल बनात' हाल चन्दा, जकात र सदका जस्ता धार्मिक सहयोग रकमको व्यवस्थापनबारे उठेका गम्भीर प्रश्नले चर्चामा आएको छ ।

संस्थाका सञ्चालक मौलाना इजराइल मजाहीरी र उनका परिवारले विभिन्न क्षेत्रबाट संकलित रकमलाई सार्वजनिक हितको सट्टा निजी प्रयोजनमा प्रयोग गरिरहेको आरोप लाग्दै आएको छ । विशेषगरी, धार्मिक शिक्षाको नाममा उठाइएको रकमबाट मदरसा सञ्चालनभन्दा बाहिर गइ व्यक्तिगत घरजग्गा



खरिद तथा भवन निर्माण गरिएको आरोप लगाइएको छ ।

स्थानीय मुस्लिम अगुवाहरूले इस्लामिक शिक्षाको प्रवर्द्धनका लागि सदा सहयोग गरिँदै आएको भएपनि यसपटक उक्त रकम पारदर्शी ढंगले प्रयोग नभएको भन्दै चिन्ता व्यक्त गरेका छन् ।

उनीहरूका अनुसार,'धार्मिक आस्थामाथि विश्वास गरी दिइने चन्दा र सहयोग सार्वजनिक हितमा खर्च हुनु जरूरी छ । तर, हाल देखिएको अवस्था त्यसको विपरित देखिन्छ ।'

एक स्थानीय अगुवाले भने,'हामीले दिएको चन्दा सार्वजनिक सेवा र शिक्षा प्रवर्द्धनका लागि हो, कुनै व्यक्तिको निजी घर बनाउनको लागि होइन । अब हामी सचेत हुने छौं र यदि यस्ता गतिविधि तुरुन्त रोकिएन भने, चन्दा, जकात दिने कार्य रोकिनेछ ।'

संस्थाले भने सबै आरोप अस्वीकार गरिएको छ । संस्थाका एक प्रतिनिधिले भने, 'हामीमाथि लागेको आरोप निराधार छ, सबै कार्यहरू समुदायकै हितमा गरिएको हो ।' स्थानीयले भने विषय संवेदनशील भएकाले अब छिटो भन्दा छिटो निष्पक्ष छानबिनको माग गरेका छन् ।

(वातावरण संरक्षण ऐन, २०७६ दफा ३ को उपदफा (५) सँग सम्बन्धित)

## प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सुनुवाइको सूचना

**प्रकाशन मितिः २०८२/०३/०६**

बागमती प्रदेश, रसुवा जिल्ला, आमाछोदिङमो गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावको नामः आमाछोदिङमो गाउँपालिका भएर बग्ने ग्रे गाउँ मुनिको खोला (त्रिशुली नदी), दलाङ्ग खोला र चिलिमे खोलामा रहेको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवाको दिगो सङ्कलन/उत्खनन् कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण

माथि उल्लेखित प्रस्तावको वातावरणीय संरक्षण नियमावली, २०७७ को नियम ६ सँग सम्बन्धित रहेर यस आमाछोदिङमो गाउँपालिका भएर बग्ने ग्रे गाउँ मुनिको खोला (त्रिशुली नदी), दलाङ्ग खोला र चिलिमे खोलामा रहेको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवाको दिगो सङ्कलन/उत्खनन् कार्यका लागि मस्यौदा प्रतिवेदन तयार भई अन्तिम वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के–कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न त्यस क्षेत्रका स्थानीय तहका प्रतिनिधि, स्थानीय वासी, सामुदायिक वन उपभोक्ता समूहको प्रतिनिधी, तथा अन्य सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले निम्न उल्लेखित मिति तथा स्थानमा तोकिएको समयमा उपस्थित भइदिन हुन विनम्र अनुरोध गर्दछौं।

| स्थानः चिलिमे सामुदायिक भवन | मितिः २०८२/०३/०७ | समय: १० बजे |
|---|---|---|

# विद्युतीय बिउबिजन प्रणालीसम्बन्धी ३ दिने अभिमुखीकरण सुरु

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ५ असार

सुर्खेतको वीरेन्द्रनगरमा बिउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ तथा विद्युतीय बिउ बिजन प्रणालीसम्बन्धी ३ दिने अभिमुखीकरण सुरू भएको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले एकीकृत कृषि प्रयोगशालाको आयोजनामा बिहीबारदेखि अभिमुखीकरण कार्यक्रम सुरू भएको हो ।




कर्णाली प्रदेश अन्तर्गत जिल्लास्थित कृषि हेर्ने कार्यालय तथा प्रादेशिक बिउ बिजन प्रयोगशालामा कार्यरत कर्मचारी र स्थानीय तहमा कार्यरत कर्मचारीहरूलाई अभिमुखीकरण दिइने प्रयोगशाला प्रमुख चित्रबहादुर रोकायले जानकारी दिए ।

उनकाअनुसार बिहीबारदेखि सुरू भएको अभिमुखीकरण कार्यक्रम शनिबार अर्थात् तीन दिनसम्म चल्ने छ। अभिमुखीकरण कार्यक्रममा कर्णाली प्रदेश अन्तर्गत जिल्लास्थित कृषि हेर्ने कार्यालय तथा प्रादेशिक बिउ बिजन प्रयोगशालामा कार्यरत कर्मचारी र स्थानीय तहमा कार्यरत गरी ५४ भन्दा बढी कर्मचारीहरुको सहभागीता रहेको प्रमुख रोकायले बताए । उनकाअनुसार तीन वटै तहका सरकारलाई एकआपसमा जोड्नका लागि सहयोग गर्नेछ । कर्णाली प्रदेश सरकारका प्रवक्ता एवम् भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले अभिमुखीकरण कार्यक्रमको उद्घाटन गरे । उद्घाटन सत्रमा बोल्दै मन्त्री शाहले अभिमुखीकरणमा सहभागीहरूले अन्तर्क्रियात्मक र छलफलमा बढी केन्द्रित हुन सुझाव दिए । कर्णाली सरकारले बिउ बिजन ऐन बनाइसकेको र नियमावली बनाउनका लागि सरकार तयार रहेको मन्त्री शाहले बताए ।

# देवाही गोनाही पूर्ण खोप सुनिश्चितता घोषणा



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ५ असार

रौतहटको देवाही गोनाही नगरपालिका १५ महिना मुनिका बालबालिकाहरूले पूर्ण खोप पाएको सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ । आफ्नो पालिकाभित्र १५ महिनाभित्रका ९९ प्रतिशत बालबालिकाले लगाउनुपर्ने सम्पूर्ण खोप समयमै लगाएको भन्दै बिहीबार एक समारोहबीच पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरेको हो । खोपको माध्यमबाट रोगको रोकथाम, निवारण र उन्मुलन गरी शिशु, बाल, मातृ तथा अन्य व्यक्तिको मृत्युदर घटाउन र खोप सेवाको विस्तार र सुदृढीकरण गरी गुणस्तरीय खोप सेवा निरन्तरता रहेको भन्दै पूर्ण खोप सुनिश्चितता तथा दिगोपना नगर घोषणा गरिएको जिल्लाजनस्वास्थ्य कार्यालय रौतहटका प्रमुख राजेश कुमार सिंहले बताए ।

उनले देवाही गोनाही नगरपालिकाले सबै इण्डिकेटरहरु पूरा गर्दै आफ्नो पालिकालाई रूपमा 'पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा' गर्न सफल भएकोमा शुभकामना व्यक्त गरे । प्रमुख सिंहले भने, 'जनप्रतिनिधि, स्वास्थ्यकर्मी र सबैभन्दा महत्त्वपूर्ण भूमिकामा रहनुभएको स्वास्थ्य स्वयंसेवकको अहोरात्रको प्रयासबाट 'पूर्ण खोप पाएको सुनिश्चितता तथा दिगोपना पालिका घोषणा' गर्न सफल भएको हो ।'

## मकालु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**नुम, संखुवासभा**
**कोशी प्रदेश, नेपाल**

**प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना**
**मकालु गाउँपालिका भएर बग्ने अरुण नदी, कासुवा खोला, इखुवा खोला र सिस्वा खोलामा रहेको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवाको दीगो सङ्कलन/उत्खनन कार्यको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशन मितिः२०८२/०३/०६)**

कोशी प्रदेश, संखुवासभा जिल्ला मकालु गाउँपालिका वडानं २,४,५,६ मा मकालु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नाम : मकालु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगानाः नुम, संखुवासभा, कोशी प्रदेश<br>(ईमेल): gaupalikamakalu@gmail.com<br>फोन नं.:९८४५०४२००३ |
| **प्रस्तावको व्यहोरा** | मकालु गाउँपालिका भएर बग्ने अरुण नदी, कासुवा खोला, इखुवा खोला र सिस्वा खोलामा रहेको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवाको दीगो सङ्कलन/उत्खनन कार्य |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | संखुवासभा जिल्ला मकालु गाउँपालिका वडा नं. २,४,५,६ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको भौतिक तथा रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न मकालु गाउँपालिका, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्न उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाव लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नाम : मकालु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगानाः नुम, संखुवासभा, कोशी प्रदेश<br>(ईमेल): **gaupalikamakalu@gmail.com**<br>फोन नं.:९८४५०४२००३ |
| **परामर्शदाताको नाम र ठेगाना** | नाम : सेन्टर फर क्लाइमेट एण्ड इन्भाईरोनमेन्ट रिसर्च<br>ठेगानाः ज्वागल, ललितपुर<br>(ईमेल): **ccer2071@gmail.com** |

## काठ तथा दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मितिः २०८२/०३/०६ गते शुक्रबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा राखिएको खयर जातको गोलिया काठ थान ३३६ को ४४५.७१ घ.फि. र सिसौं जातको दाउरा १.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**दुर्गा सा.व.उ.स., मधुवन-१, बर्दिया**

## मलेसियामा रोजगार

कम्पनी : KYOWA SUNTECH PRECISION WORKS SDN.BHD. शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०३/०१ चलानी नं.: ६०२३९५९३ L.T. No.: 325604

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Quality Controller | 0 | 25 | स. काममा दक्ष | 1700 | ५५,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KYOWA SUNTECH PRECISION WORKS SDN.BHD. शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०३/०१ चलानी नं.: ६०२३९५९२ L.T. No.: 325603

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Welder | 25 | 0 | स. काममा दक्ष | 1700 | ५५,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KYOWA SUNTECH PRECISION WORKS SDN.BHD. शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०३/०१ चलानी नं.: ६०२३९५९१ L.T. No.: 325602

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stone Crushing Machine Operator | 0 | 25 | स. काममा दक्ष | 1700 | ५५,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KYOWA SUNTECH PRECISION WORKS SDN.BHD. शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०३/०१ चलानी नं.: ६०२३९५९० L.T. No.: 325601

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Machinery Operator | 25 | 0 | स. काममा दक्ष | 1700 | ५५,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १३ गते (27 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Reaz And Farah Employment Services Pvt. Ltd.**
Gov. Lic. No. 1008/068/069
G.P.O. Box No.: 8925, Basundhara-8, Kathmandu, Tel 01-5903860, 5903387
Web: www.reazfarah.com | E-mail : reazandfarah@gmail.com

## Government of Nepal
## Ministry of Health and Population
# Geta Hospital
**Geta, Kailali**

## Notice of Intention to Award

**Date of Notice Publication: 2082/03/06 (20 June 2025)**

Pursuant to Public Procurement Act 2063, Clause 27(2) and 47(3), this is to notify all the bidders that the following sustainably responsive lowest evaluated bidders has been selected to award the contract as per the invitation of Electronic Bids published on Aarthik National Daily dated 2082/01/02 (15 April 2025) and the Geta Hospital intends to award the contract to the same.

| S. N. | IFB No. | Procurement Detail (Supply, Installation and Commissioning of) | Name and Address of the Bidder | Total Bid Amount (NPR) (Excluding VAT) |
|---|---|---|---|---|
| 1 | GH/G/NCB-09/2081-82 | Electroencephalogram (EEG) Machine | Harmony Medical System Pvt. Ltd., Anamnagar, Kathmandu | 5,055,555.00 |
| 2 | GH/G/NCB-10/2081-82 | Medical Gas Pipeline System | Bijaya Suppliers, Dhangadhi, Kailali | 12,499,900.00 |

## Bhotekoshi Rural Municipality
## Office of Rural Municipal Executive
**Fulpingkatti, Sindhupalchok**

## INVITATION FOR E- Bid

**(First Date of Publication: 2082/03/06 (20/06/2025)**

Bhotekoshi Rural Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under NCB procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Bhotekoshi Rural Municipality website www.bhotekoshimun.gov.np.

| S.N | Project Name | Contract ID | Last Date of Bid Submission | Date of Bid Opening | Bid validity period | Cost estimate ex. vat | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction of Canteen and other landscaping works of Bhotekoshi Rural Municipality Building | BRM/W/ NCB/ 081/082/12 | 2082/04/05 (21/07/2025) 12:00 hrs. | 2082/04/05 (21/07/2025) 13:00 hrs. | 90 days | 89,19,559.13 | 2,50,000. | 3,000.00 |

## सम्पादकीय

# रास्वपाले भुल्यो जनआकांक्षा

आमचुनाव–२०७९ मा अप्रत्यासित मत पाएर वैकल्पिक शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) चौथो वर्ष प्रवेश गर्दैछ । तर यसअघिका वर्षहरू जस्तो उत्सवका साथ वार्षिकोत्सव नमनाउने निर्णय रास्वपाले गरेको छ । अघिल्ला वर्षहरूमा अरू राजनीतिक दलका शीर्ष नेताहरू, कुटनैतिक निकायका प्रतिनिधिहरू, राज्यका विशिष्ट भूमिकामा रहेका नेताहरू र पार्टी पंक्तिको उपस्थितिमा वार्षिकोत्सव मनाइएको थियो । तर यसपटक कसरी उत्सव मनाउने भन्नेमा अझै रास्वपा प्रष्ट छैन । संभवतः सामाजिक सञ्जालमा शुभकामना सन्देश दिएरै वार्षिकोत्सव सकिने सम्भावना रहेको नेताहरू बताउँछन् । प्रतिनिधि सभाकै चौथो ठूलो दल रास्वपामा यो तहको निराशा देखिनुमा सभापति रवी लामिछाने थुनामा रहनु कारण हो । गत वर्ष २ कात्तिकमा पक्राउ परेर ८४ दिनसम्म प्रहरी हिरासतमा बसेका लामिछाने गत २३ चैतदेखि फेरि भैरहवा कारागारमा छन् ।

सभापति रवीलाई सहकारी बचत रकम अपचलन मुद्दाको आरोप लागेको छ । गोरखा मिडिया नेटवर्क मार्फत् विभिन्न सहकारीको बचत रकम अपचन गरेको आरोपमा रवी थुनामा छन् । कास्की, काठमाडौं, रूपन्देही, चितवन र पर्सा जिल्ला अदालतले धरौटीमा छोड्ने आदेश दिएपनि उच्च अदालत तुलसीपुरले थुनामै राख्न आदेश दियो । उच्च अदालतको आदेशलाई सर्वोच्च अदालतले पनि सदर गरेको छ । त्यसैले रवी लामिछाने लामै समय थुनामा रहने लगभग पक्का छ । आफ्ना सभापतिलाई सहकारी ठगी आरोपमा थुनामा पठाइएकाले रास्वपा उत्सव मनाउने अवस्था देखिदैन । संसदमा समेत नाराबाजी र वेल घेराउ गरिरहेको रास्वपाले आफ्ना सभापति ठगी आरोपमा थुनामा पठाइनुलाई पनि राजनीतिक प्रतिशोध भनिरहेको छ ।

अहिले पनि थुनामा रहेका रवीबाटै रास्वपा चलिरहेकाले पनि वार्षिकोत्सव एकप्रकारले उत्सवहीन बनेको बुझ्न सकिन्छ । रास्वाको सभापति र संसदीय दलको नेता रवी लामिछाने नै हुन् । कार्यबाहक सभापति डीपी अर्याल र कार्यबाहक संसदीय दलको नेता विराजभक्त श्रेष्ठ छन् । कार्यबाहक महामन्त्री कविन्द्र बुर्लाकोटी र कार्यबाहक प्रवक्ता मनिष झा छन् । अर्थात् थुनामै रहेका रवी यो पार्टीका सर्वेसर्वा हुन् । जबकि रास्वपा सुशासन र न्यायको एजेण्डाबाट उदाएको शक्ति हो । तर अहिले आफ्नै सभापति जोगाउनमै यो पार्टीको सम्पूर्ण शक्ति खर्च भइरहेको छ । र यो पार्टीले जनताका आकांक्षा र सपना बिर्सिएको छ । यदि जनताको आकांक्षाबारे थोरै पनि ध्यान दिइएको हुन्थ्यो भने यो तहको एठेनमा रास्वपा हुने थिएन ।

# दिलभूषण प्रकरण र प्रेस स्वतन्त्रता

अग्रलेख



● शिवप्रसाद ढुंगाना



पत्रकार दिलभूषण पाठकविरूद्ध २०८२ जेठ २९ गते काठमाडौं जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरेपछि यो प्रकरण चर्चामा छ । यस घटनाले नेपालको प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक मूल्यमान्यतामाथि गम्भीर प्रश्न उठाएको भनेर चारैतिर विरोध भइरहेको मात्र छैन कानुनको दुरुपयोगको सवालमा बहस सुरु भएको छ । उनीविरूद्धको पुर्जी विद्युतीय कारोबार ऐन, २०६३ को धारा ४७ क (साइबर अपराध)अन्तर्गत जारी भएको थियो, जसमा पाठकले आफ्नो युट्युब च्यानलबाट नेपाल खबर र बिजमाण्डुमा प्रकाशित समाचारहरू, सामाजिक सञ्जालहरूमा आएका सूचनाहरूका आधारमा एक भिडियो बनाएका थिए । जुन पूर्वप्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवा पुत्र जयवीरसिंह देउवाको हिल्टन होटलमा लगानी गरिएको दाबी थियो । तर, उनलाई सोही प्रकरणमा झुटा र भ्रामक सूचना सम्प्रेषण गरेको र व्यक्तिगत मान मर्यादामा आँच पुऱ्याएको आरोप लगाइएर मुद्दा चलाइएको छ ।

अदालतले उनीमाथि पक्राउ पुर्जीसँगै नेपाल खबर र बिजमाण्डुमा प्रकाशित समाचार हटाउन भनी आदेश समेत दिएको छ । यो प्रकरणको सुरुवात नेपाल खबर र बिजमाण्डुमा प्रकाशन भएका केही समाचारहरूबाट भएको मानिन्छ । यसै विषयमा पाठकले बनाएको युट्युब भिडियोका आधारमा उनीविरूद्ध उजुरी दर्ता भयो र प्रहरीले प्रेस काउन्सिल नेपाल वा अन्य मध्यस्थता प्रक्रियालाई पूर्णतः बेवास्ता गरी सिधै अदालतमार्फत पक्राउ पुर्जी जारी गऱ्यो । यो प्रक्रियाले संवैधानिक मर्म र प्राकृतिक न्यायको सिद्धान्तलाई चुनौती दिएको छ । सर्वोच्च अदालतले २०८२ जेठ ३२ गते पाठकलाई तत्काल पक्राउ नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेपछि यो मामला थप जटिल बनेको छ । यो घटनाले पत्रकारिता क्षेत्रमा मात्र नभई सामाजिक सञ्जाल र डिजिटल मिडियाको स्वतन्त्रतामाथि समेत गम्भीर प्रश्न उठाएको छ ।

यो प्रकरणले नेपालको लोकतान्त्रिक प्रणालीको जवाफदेहिता, प्रेस स्वतन्त्रताको संरक्षण र शक्तिको दुरुपयोगका मुद्दाहरूलाई सतहमा ल्याएको छ । यो केवल एक पत्रकारमाथिको कारबाही होइन, बरु यो देशको चौथो अंगको स्वायत्तता र नागरिकको सूचनाको हकमाथिको प्रत्यक्ष प्रभाव हो भन्न सकिन्छ । यो लेखले यो प्रकरण पत्रकारिताभन्दा प्रचारमा किन गयो, ३५ जना सम्पादकहरूले किन पाठकको पक्षमा आवाज उठाए, अन्य समान प्रकृतिका केसहरूमा उनीहरूको मौनताको कारणले उठाएका प्रश्न खोतल्न प्रयास गर्नेछ । साथै, कानुनी र तथ्यपूर्ण आधारमा अनुसन्धान र अभियोजन कसरी हुनुपर्छ र पत्रकारिताको भविष्य, कानुनी प्रश्नहरू र जबाफदेही पत्रकारिताको सवाललाई समेट्ने प्रयास गरिएको छ ।

### पत्रकारिता कि प्रचार ?

पाठकको प्रकरणलाई मिडिया हाउसहरूले भन्दा बढी सोसल मिडियाको प्रचार र राजनीतिकरूपमा प्रवेश पायो, जसले यो मुद्दालाई पत्रकारिताको सवालभन्दा प्रचारको विषय बनायो । सामाजिक सञ्जालले यो प्रकरणलाई थप उचाइ दियो । पाठकको 'टफटक' कार्यक्रम र उनको युट्युब च्यानलको लोकप्रियताले उनलाई डिजिटल मिडियामा एक प्रभावशाली व्यक्तित्व बनाएको थियो । यही समयमा जब यो प्रकरण सार्वजनिक भयो, पत्रकारहरू, बुद्धिजीवीहरू र नागरिक समाजले सामाजिक सञ्जालमा प्रेस स्वतन्त्रतामाथिको आक्रमणको रूपमा चित्रण गरे । ट्विटर, फेसबुक र युट्युबमा यस विषयले व्यापक चर्चा पायो र सामाजिक सञ्जालको प्रभावले यो प्रकरणलाई प्रचारको केन्द्र बनायो, जसले पत्रकारिताको मूल मुद्दालाई छायामा पार्ने खतरा उत्पन्न भएको छ ।

यो प्रकरणले नेपालको प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हकमाथि गम्भीर प्रश्न उठाएको छ । नेपालको संविधान, २०७२ को अनुच्छेद १९ ले विचार र अभिव्यक्ति स्वतन्त्रताको हक प्रदान गरेको छ, जसमा प्रेस स्वतन्त्रता समावेश छ । त्यसैगरी, अनुच्छेद २७ ले सूचनाको हक सुनिश्चित गरेको छ, जसले पत्रकारहरूलाई सार्वजनिक चासोका विषयमा जानकारी सम्प्रेषण गर्ने अधिकार दिन्छ । यसले यी संवैधानिक अधिकारमाथिको सम्भावित अतिक्रमणलाई उजागर गऱ्यो, जसले सत्ताधारी नेपाली कांग्रेस र नेकपा (एमाले) निकट पत्रकार संगठनहरूको समेत समर्थन प्राप्त गऱ्यो । यस्तो राजनीतिक समर्थनले यो प्रकरणलाई थप प्रचारको विषय बनायो, किनभने यसले पत्रकारिता क्षेत्रमा मात्र नभई राजनीतिक क्षेत्रमा समेत तरंग ल्यायो ।

पत्रकारिता क्षेत्रले यो कारबाहीलाई आफ्नो स्वतन्त्रतामाथिको आक्रमणको रूपमा लिएको छ । ३५ जना सम्पादकहरूले संयुक्त विज्ञप्ति जारी गरी यो कारबाहीलाई 'लोकतान्त्रिक मूल्यमान्यता विपरीत' भनेर चित्रण गरे । तर, प्रश्न उठ्छः किन यो आवाज पाठकको लागि मात्र ? अन्य समान प्रकृतिका केसहरूमा सम्पादकहरूको यस्तो एकजुटता किन देखिएन ?

### कानुनी दृष्टिमा दिलभूषण प्रकरण

यो प्रकरणमा अनुसन्धान र अभियोजन कसरी हुनुपर्छ ? यो प्रश्नको जवाफ खोज्न तथ्य, प्रमाण र कानुनी आधारलाई गहिरो विश्लेषण गर्न आवश्यक छ । यो प्रकरणमा अनुसन्धान र अभियोजन संवैधानिक मर्म, प्राकृतिक न्यायको सिद्धान्त र पत्रकारिता र स्वतन्त्रताको सम्मानमा आधारित हुनुपर्छ ।

*नेपालको संविधान, २०७२ ले प्रेस स्वतन्त्रता र सूचनाको हकलाई सुनिश्चित गरेको छ । धारा १९ ले विचार र अभिव्यक्ति स्वतन्त्रताको हक प्रदान गरेको छ । पत्रकार दिलभूषण पाठकले प्रकाशन गरेका सामग्रीले यी कुनै पनि अवस्थालाई उल्लंघन गरेको ठोस् प्रमाण छैन...*

प्रेस काउन्सिल नेपालले यो प्रकरणको प्रारम्भिक छानबिन गर्नुपर्छ । प्रेस काउन्सिल पत्रकारितासँग सम्बन्धित विवादहरूको मध्यस्थता गर्ने संवैधानिक निकाय हो । पाठकले प्रकाशन गरेका समाचारहरूको तथ्यपरकता, नैतिकता र प्रभावलाई जाँच गर्न स्वतन्त्र छानबिन समिति गठन गर्नुपर्छ । यदि समाचारमा तथ्यहीनता वा भ्रामक सूचना पाइएमा, प्रेस काउन्सिलले खण्डन वा माफी प्रकाशन गर्न निर्देशन दिन सक्छ । यस्तो प्रक्रियाले पत्रकार र उजुरी कर्ता दुवैलाई निष्पक्ष सुनुवाइको अवसर प्रदान गर्छ ।

कानुनी आधारमा यो प्रकरणलाई हेर्दा, नेपालको संविधान, २०७२ ले प्रेस स्वतन्त्रता र सूचनाको हकलाई सुनिश्चित गरेको छ । धारा १९ ले विचार र अभिव्यक्ति स्वतन्त्रताको हक प्रदान गरेको छ । यो अधिकार केवल राष्ट्रिय सुरक्षा, अखण्डता, सार्वभौमिकता वा अदालतको मर्यादामा आँच पुग्ने अवस्थामा मात्र सीमित गर्न सकिन्छ । पाठकले प्रकाशन गरेका सामग्रीले यी कुनै पनि अवस्थालाई उल्लंघन गरेको ठोस् प्रमाण छैन । त्यस्तै धारा २७ ले सूचनाको हक प्रदान गरेको छ, जसले पत्रकारहरूलाई सार्वजनिक चासोका विषयमा जानकारी सम्प्रेषण गर्ने अधिकार दिन्छ । पाठकको समाचार यदि सार्वजनिक चासोको विषयसँग सम्बन्धित छ भने यो संवैधानिक अधिकारअन्तर्गत पर्छ ।

मुलुकी अपराध संहिता, २०७४ को धारा २२०-२२६ मा मानहानिको व्यवस्था छ । यदि पाठकले प्रकाशित समाचारले कुनै व्यक्तिको मान मर्यादामा तथ्यहीन आँच पुऱ्याएको प्रमाणित हुन्छ भने यो धाराअन्तर्गत कारबाही हुन सक्छ । तर, यो संहिताले स्पष्ट रूपमा उल्लेख गरेको छ कि सार्वजनिक चासोमा गरिएको सद्भावपूर्ण आलोचना मानहानि होइन । पाठकको समाचार यदि तथ्यमा आधारित र सार्वजनिक चासोको विषय हो भने यो मानहानिको दायरा बाहिर पर्छ ।

विद्युतीय कारोबार ऐन, २०६३ को धारा ४७ क साइबर अपराधसँग सम्बन्धित छ, जसमा अश्लीलता, गोपनीयता हनन वा भ्रामक सूचना प्रकाशनलाई समेट्छ । तर, पाठकले प्रकाशन गरेको समाचारमा यी कुनै पनि अवस्था लागु भएको देखिँदैन । यो ऐन मूलतः कम्प्युटर प्रणालीमा अनधिकृत पहुँच, डाटा चोरी वा स्रोत कोडमा क्षतिका लागि बनाइएको हो, न कि पत्रकारितालाई नियन्त्रण गर्न यो प्रकरणमा कानुनको प्रयोग गलत र संवैधानिक मर्म विपरीत छ ।

अनुसन्धानमा प्रक्रियागत पारदर्शिता आवश्यक छ । पाठकलाई सिधै पक्राउ पुर्जी जारी गर्नुको सट्टा सोधपुछ, बयान वा मध्यस्थताको अवसर प्रदान गर्नुपर्छ । उजुरीकर्ताले पाठकले प्रकाशित समाचारले मानहानि वा गोपनीयता हनन गरेको ठोस् प्रमाण पेस गर्नुपर्छ । यस्तो प्रमाणमा तथ्यहीन दाबी, व्यक्तिगत जानकारीको दुरुपयोग वा भ्रामक सूचनाको स्पष्ट आधार हुनुपर्छ । हालसम्म यस्तो कुनै प्रमाण सार्वजनिक भएको छैन, जसले यो कारबाहीलाई मनोमानी र दबाबमूलक बनाएको छ ।

सिधै पक्राउको सट्टा मध्यस्थता, खण्डन प्रकाशन वा कानुनी चेतावनीजस्ता उपायहरू अपनाउन सकिन्छ । यस्ता उपायहरूले पत्रकार र उजुरीकर्ता दुवैको अधिकारको संरक्षण गर्छन् र प्रेस स्वतन्त्रतामाथिको अनावश्यक अतिक्रमणलाई रोक्छन् । यो प्रकरणमा जाहेरवालाको पहुँचमा आधारित मुद्दा लगाइएको आशंका बलियो छ । केही तथ्यहरूले यो सम्भावनालाई पुष्टि गर्छन् । सामान्यतः पत्रकारितासँग सम्बन्धित उजुरीहरू प्रेस काउन्सिल नेपालमार्फत अघि बढ्छन्, तर यो प्रकरणमा सिधै प्रहरीमार्फत अदालतबाट पक्राउ पुर्जी जारी गरियो, जुन प्रभावशाली व्यक्तिको दबाबको संकेत हो ।

### अबको बाटो

दिलभूषण पाठकको प्रकरण केवल एक पत्रकारमाथिको कारबाही होइन, यो नेपालको प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक जबाफदेहितामाथिको गम्भीर चुनौती हो । यो प्रकरणले प्रेस स्वतन्त्रतामाथिको आक्रमण, कानुनी दुरुपयोग र शक्तिको दुरुपयोगलाई उजागर गर्छ । पत्रकारहरूलाई त्रास सिर्जना गरेको छ, जसले अनुसन्धानमूलक पत्रकारिता र स्व-सेन्सरसिपलाई बढवा दिन्छ । विद्युतीय कारोबार ऐनको गलत प्रयोग र प्रक्रियागत अनियमितताले राज्यको प्रतिशोधात्मक चरित्रलाई उजागर गर्छ । जाहेरवालाको पहुँचमा आधारित यो कारबाहीले शक्तिशाली व्यक्तिहरूलाई संरक्षण र पत्रकारलाई नियन्त्रण गर्ने मानसिकता झल्काउँछ ।

यो प्रकरणलाई तत्काल समाधान गर्न पाठकविरुद्धको पक्राउ पुर्जी फिर्ता लिनुपर्छ । प्रेस काउन्सिल नेपालमार्फत स्वतन्त्र छानबिन समिति गठन गरी समाचारको तथ्यपरकता जाँच गर्नुपर्छ । पत्रकारको सुरक्षा सुनिश्चित गर्न तत्काल कदम चाल्नुपर्छ । दीर्घकालमा प्रेस स्वतन्त्रता संरक्षणका लागि छुट्टै कानुन बनाउनुपर्छ । विद्युतीय कारोबार ऐनमा संशोधन गरी पत्रकारितालाई नियन्त्रण गर्ने प्रावधान हटाउनुपर्छ । स्वतन्त्र मिडिया नियामक निकाय स्थापना गर्नुपर्छ । भलै पाठक पक्राउ नगर्न अहिलेलाई सर्वोच्चले आदेश दिएको छ ।

### सुझाव र निष्कर्ष

पाठकसँग जोडिएको प्रकरण सिकाएको छ, पत्रकारहरूलाई तथ्यमा आधारित र संवेदनशील समाचार प्रकाशन गर्न प्रोत्साहन गर्न प्रेस काउन्सिललाई थप स्वायत्त र प्रभावकारी बनाउनुपर्छ । डिजिटल मिडियाको स्वतन्त्रता सुनिश्चित गर्न युट्युब, फेसबुक र ट्विटरजस्ता प्लेटफर्ममा सामग्री निर्माताहरूलाई कानुनी संरक्षण प्रदान गर्नुपर्छ । पत्रकारहरूलाई धम्की र कारबाहीबाट जोगाउन सुरक्षा संयन्त्र स्थापना गर्नुपर्छ ।

कानुनी प्रश्नहरूमा ध्यान दिन आवश्यक छ । विद्युतीय कारोबार ऐनको दुरुपयोग रोक्न यसको संशोधन कसरी गर्ने ? प्रेस काउन्सिललाई कसरी स्वायत्त र प्रभावकारी बनाउने ? मानहानि कानुनको स्पष्टता कसरी ल्याउने ? यी प्रश्नहरूको जवाफ खोज्न कानुनी सुधार आवश्यक छ ।

जबाफदेही पत्रकारितालाई प्रोत्साहन गर्न पत्रकारहरूले तथ्यपरक र प्रमाणित जानकारी मात्र प्रकाशन गर्नुपर्छ । पाठकको मामलामा समाचारको तथ्यपरकता जाँच हुनुपर्छ । पत्रकारहरूले व्यक्तिगत गोपनीयता र मान मर्यादाको सम्मान गर्नुपर्छ, तर यो बहानामा प्रेस स्वतन्त्रता दबाउनु हुँदैन । पत्रकारहरूले आफ्नो समाचारको स्रोत र तथ्य खुलाउन तयार हुनुपर्छ ।

यो प्रकरणले नेपालको लोकतान्त्रिक प्रणालीको परीक्षा पनि लिएको छ । प्रेस स्वतन्त्रता लोकतन्त्रको आधारशिला हो र यसको संरक्षण सबै पक्षको साझा दायित्व हो । पत्रकारिता क्षेत्रले यो अवसरलाई जबाफदेही र तथ्यपरक पत्रकारिताको पक्षमा उपयोग गर्नुपर्छ, ताकि भविष्यमा यस्ता काण्डहरू दोहोरिन नपाओस् ।

## इतिहासमा आज

२० जुन २०१९ मा दुई देशहरू बीच बढ्दो तनावको बीचमा इरानको वायु रक्षा बलले हर्मुजको जलडमरूमध्यमाथि अमेरिकी निगरानी ड्रोनलाई गोली हानेर खसालेको थियो ।



२० जुन १९९६ मा कोलम्बियाको स्पेस एजेन्सीले जीवन विज्ञान र सूक्ष्म गुरुत्वाकर्षण अनुसन्धान गर्न एसटिएस-७८ मा अन्तरिक्ष यान प्रक्षेपण गरेको थियो ।



२० जुन २००३ मा फ्लोरिडाको सेन्ट पिटर्सबर्गमा विकिमिडिया फाउन्डेसनको स्थापना गरिएको थियो ।

WIKIMEDIA FOUNDATION

२० जुन १९९४ मा इरानमा इमाम रेजाको प्राथनास्थलमा भएको बम विस्फोटमा कम्तिमा २५ जनाको मृत्यु र ७० देखि ३०० जना घाइते भएका थिए ।



# किन खोजियो राजसंस्था ?

विचार



● जनकराज पाठक

*तर, गणतान्त्रिक व्यवस्थामा राष्ट्र प्रमुखको रूपमा रहेका राष्ट्रपति, राष्ट्र प्रमुखको मूल्य मान्यताभित्र समेटिन सकेनन् । एकातिर राष्ट्र प्रमुख स्वयंको पृष्ठभूमिले सर्वस्वीकार्य हुने अवस्था बनेन भने अर्कोतर्फ राष्ट्र प्रमुख भइसकेपछि पनि दलीय गन्धले छाडेन...*

राष्ट्र प्रमुख भनेको निष्पक्ष, स्वार्थरहित र अभिभावकीय रूपमा देखिनुपर्छ । जुन पदको आम बुझाई पनि यही छ । तर, गणतान्त्रिक व्यवस्थामा राष्ट्र प्रमुखको रूपमा रहेका राष्ट्रपति राष्ट्र प्रमुखको मूल्य मान्यताभित्र समेटिन सकेनन् । एकातिर राष्ट्र प्रमुख स्वयंको पृष्ठभूमिले सर्वस्वीकार्य हुने अवस्था बनेन भने अर्कोतर्फ राष्ट्र प्रमुख भइसकेपछि पनि दलीय गन्धले छाडेन । विडम्बनाकै विषय मान्नुपर्छ, राष्ट्र प्रमुख मानिने राष्ट्रपति सबैको होइन, कुनै दलको हुने अवस्था बन्यो ।

हुन पनि स्वाभाविक हो, वर्षौं लामो समय एउटा राजनीतिक दलमा क्रियाशील व्यक्ति कसैगरी पनि निष्पक्ष हुन सक्दैन । आफूले बोकेको दलीय चिन्तन र झन्डाबाट अलग हुनै सक्दैन । उसले आफू लागेको दल र अझ दलभित्रको पनि गुटको चिन्ता गर्ला । तर, समग्र मुलुकप्रति चिन्तित रहँदैन । जसबाट मुलुकले अभिभावकत्व पाउँदैन । राष्ट्रपति भन्ने पद दलभन्दा माथि उठेको भए मुलुकको नेतृत्व गरिसकेपछि पनि किन आफू पहिले क्रियाशील राजनीतिक दलमै फर्केर नेता बन्न चाहन्छन् त ? यसले प्रस्ट पार्छ, हामी कहाँ राष्ट्रपति भनेको दलीय नेता वा प्रतिनिधि नै हो ।

त्यसैले राष्ट्र प्रमुखमा दलीय चिन्तन वा विचारभन्दा माथि उठेको साझा संस्थाको खोजी भएको हो । जसको स्वार्थ नै मुलुकको हित मात्रै हुन्छ । जसले आफू धागो बनेर सबै नेपालीलाई एउटै मालामा उनेर राख्न सक्छ । देश र देशवासीको चिन्ता नै उसको स्वार्थ हुन्छ । यस्तो स्वार्थ बोकेको संस्था नेपालको सन्दर्भमा राजसंस्था मात्रै हो । राजसंस्था नै दलीय चिन्तन र विचारबाट माथि उठेको हुन्छ र यसले नै सबै नेपालीलाई अभिभावकत्व प्रदान गर्न सक्छ ।

मुलुक रक्षार्थ राजसंस्था (राजा)ले पटक-पटक देखाएको त्यागको अवमूल्यन हामीले गर्न हुँदैन । राजसंस्थाकै कारण सार्वभौम राष्ट्रको रूपमा हामी छौँ । यो इतिहास हामीले पढ्नु पर्छ । यत्रो शक्तिको संघर्ष चलिरहेको संसारमा हामी इतिहास भुलेर अगाडि बढ्न खोज्यौं भने शक्ति राष्ट्रहरूको कोप भाजनमा पर्नेछौ र आफ्नो पहिचान गुमाउनेछौ । पहिचान गुम्यो भने हामी शून्यमा हराउने वा बिलाउने छौँ । तसर्थ, राष्ट्र प्रमुखमा साझा र सर्वमान्य राजा राखौँ ।

आज नेपालले राजनीतिक अस्थिरता, भ्रष्टाचार, मूल्यहीनता र राष्ट्रिय अस्मिताको संकट भोगिरहेको छ । यस्तो गम्भीर अवस्थामा एउटा मूल प्रश्न उठिरहेको छ– किन राजा आवश्यक छैन ? नेपालको इतिहासमा राजसंस्था केवल शासक मात्र थिएनन्; उनीहरू राष्ट्रको एकता, पहिचान, धर्म र संस्कृतिका संरक्षक थिए । हजारौँ वर्षको सभ्यता बोकेको हाम्रो मुलुक २०६३ पछि गणतन्त्रमा प्रवेश गरेसँगै एक किसिमको दिशा विहीनताको अवस्थामा पुगेको छ । राजा कुनै व्यक्ति होइनन्, उनी संस्था हुन् । त्यो संस्था नेपाली पहिचान, गौरव र स्थायित्वको प्रतीक हो । राज्य सञ्चालन दलहरूले नै गर्ने हुन् । राजा संवैधानिक रूपमा राष्ट्रको मार्गदर्शक, संरक्षणकर्ता र एकताको प्रतीकको रूपमा फर्काउन पर्ने आजको आवश्यकता हो ।

राजसंस्था पुनर्स्थापनाको माग अब केवल नारामा मात्रै रहँदैन । यो एक गम्भीर बहस बनिसकेको छ । जुन आजको दिनमा आवश्यक पनि हुँदै गइरहेको छ । यसको कारण हो- राजसंस्था राष्ट्रको एकता, अखण्डता र पहिचानको प्रतीक हो । स्थायित्व र दीर्घकालीन सोचको केन्द्र हो । परम्परागत संस्कृति, धर्म र संस्कारको मियो हो । राजसंस्थाले चुनाव होइन, जनताको दीर्घकालीन हित हेर्छ । राजसंस्था, राष्ट्रको संरक्षक रहने हुँदा दलहरूबिचको सन्तुलन पनि कायम रहन्छ । जसले राष्ट्रिय एकता र गर्भको अनुभूति दिन सक्छ । समयमा विचार गरौं । दलीय निहित स्वार्थभन्दा राष्ट्रिय स्वार्थमा छलफल गरौं ।

**(पाठक, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का केन्द्रीय सदस्य हुन् ।)**

## सामाजिक सञ्जाल




**प्रेमकान्त अधिकारी**

आर्थिक वर्षको अनुमानित बजेट विनियोजनप्रति संसदमा चलिरहेको छलफलको क्रममा जुन सुझावहरू सासंदहरूले दिइरहेका छन्, ती सुझावहरू संशोधन भए त राम्रै भयो । कुनै पनि सुझावको संशोधन भएन भने बजेट पास गर्दा समर्थन गर्ने कि नगर्ने ? जस्ताको तस्तै समर्थन गर्ने हो भने सुझावको औचित्य के ?

राजदूतले नेपाल जाने इच्छा हुनेलाई नेपाल पठाउने उपाय गर्छु भन्दा पनि इजरायलमा रहेका नेपालीहरूले खासै चासो देखाएका छैनन् । नेपाल फर्केर उही गरिबी र अभावको कष्टकर जीवन जिउनुभन्दा केही दिनको बंकर जीवन नै ठिक भन्ने ठाने जस्तो छ । नेताले जति नै फुर्ती लगाए पनि देश स्थिति कसलाई थाहा छैन र !




**सरोज पोखरेल**



**नारायण वाग्ले**

वन-जंगल होस् या नदी-खोला, संरक्षणमा सक्रियहरू स्थानीय जनप्रतिनिधिबाटै असुरक्षित किन ? आँधीखोला जोगाउन लागेका मेघ आले र दिनकर नेपालमाथि वडाध्यक्षको भनिएको प्रहारमा प्रहरी कारबाही हुन्छ कि हुँदैन ? प्रकृति जोगाउने आन्दोलन एक्लो हुँदैन !

त्यो इजरायललाई के दशा लागेर इरानसँग ट्रम्पको आदेशमा लड्न थालेको ? त्यो नेतान्याहु त युक्रेनको सेलिब्रेटीभन्दा कम नहुने भयो ! अमेरिकाको नीति नै हतियार बेच्ने र द्वन्द्व गराउने हो । अमेरिका यस्तै गरी अगाडि बढ्ने हो भने इरानलाई भारी पर्छ किनभने शक्ति इरानको तुलनामा बढी छ ।



**प्रताप शर्मा**

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# नेपाल उपाधि नजिक




काठमाडौं/मस- स्कटल्याण्डमा जारी त्रिदेशीय टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शृंखलामा नेपालले दोस्रो जित निकालेको छ। बिहीबार सम्पन्न खेलमा नेपालले नेदरल्याण्ड्सलाई ६ विकेटले पराजित गर्दै शृंखलामा महत्वपूर्ण सफलता हात पारेको हो।

पहिले ब्याटिङ गरेको नेदरल्याण्ड्सले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १७४ रन बनायो। जवाफमा नेपालले १९.४ ओभरमा ४ विकेटको क्षतिमा लक्ष्य पूरा गर्दै जित दर्ता गऱ्यो।

नेपालका लागि ओपनर कुशल भुर्तेलले सर्वाधिक ६५ रनको योगदान दिए। ५१ बल खेलेका उनले ६ चौका प्रहार गरे। यस्तै, आरिफ शेखले ३९ रन जोडे भने टी-२० अन्तर्राष्ट्रियमा डेब्यू गरेका भीम सार्कीले २७ रनको महत्वपूर्ण पारी खेले।

नेदरल्याण्ड्सका बलर बेन फ्लेचर, आर्यन दत्त, रोलफ भान डर मर्वे र जाच लायन काचेटले समान १-१ विकेट लिए।

यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको नेदरल्याण्ड्सका लागि ओपनर माइकल लेभिटले उत्कृष्ट प्रदर्शन गर्दै ५३ बलमा ६ चौका र ५ छक्कासहित ८६ रन बनाए। भेट्रान अलराउण्डर रोलफ भान डर मर्वेले पनि २१ बलमा अविजित ३६ रन जोडे।

एक चरणमा ४५-४ को अवस्थामा पुगेको नेदरल्याण्ड्सलाई लेभिटले साकिब जुल्फिकरसँग ६३ रनको साझेदारी गर्दै सम्हालेका थिए। पछि भान डर मर्वेले आर्यन दत्तसँग ४५ रनको साझेदारी गर्दै टिमको स्कोर १७४ सम्म पुऱ्याए।

नेपालका लागि करण केसीले ४ ओभरमा ४० रन खर्चेर २ विकेट लिए। त्यस्तै, दिपेन्द्रसिंह ऐरी, ललितराजवंशी, सन्दीप लामिछाने र रुपेश सिंहले समान १-१ विकेट लिए। अब नेपालले शृंखलाको अन्तिम खेल शुक्रबार घरेलु टोली स्कटल्याण्डसँग खेल्नेछ। अब नेपाल र स्कटल्याण्डबीचको विजेताले शृंखला नै जित्नेछ।

## सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिपको उपाधि एमेच्योर राहुललाई




काठमाडौं/मस- एमेच्योर गल्फर राहुल विश्वकर्माले सूर्य नेपाल गल्फ टुर २०२४-२५ को अन्तिम प्रतियोगिता सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिपको उपाधि जितेका छन्। समग्रमा २१ अन्डर २ सय ६७ को स्कोरमा नेपाल नम्बर एक प्रोफेसनल गल्फर भुवन नगरकोटीलाई २ स्ट्रोकले हराउँदै करियरकै उपाधि जितेका हुन्। राहुलले बिहीबार ५-अन्डर ६७ को स्कोर गरे।

राहुलले यो सिजनको दोस्रो उपाधि जिते। यसअघि उनले सिजनको पहिलो प्रतियोगिता सूर्य नेपाल सेन्ट्रल ओपन जितेका थिए।

समग्रमा १९-अन्डर २ सय ६९ को स्कोरमा भुवन नगरकोटी दोस्रो भए। उनले बिहीबार ८-अन्डर ६४ को स्कोर गरे। प्रोतर्फ पहिलो भएका उनले नगद ३ लाख प्राप्त गरे। एमेच्योर सद्भाव आचार्य समग्रमा १८-अन्डर २ सय ७० को स्कोरमा तेस्रो भए। उनले बिहीबार ५-अन्डर ६७ को स्कोर बनाए। उनी एमेच्योरतर्फ दोस्रो भए।

साबिक विजेता सुवास तामाङ समग्रमा १५-अन्डर २ सय ७३ सहित चौथो भए। उनले बिहीबार इभन-पार ७२ स्कोर गरे। प्रो तर्फ उनी दोस्रो हुँदा नगद १ लाख ८५ हजार प्राप्त गरे। भुटानका एमेच्योर निम दोर्जी तामाङ समग्रमा १४-अन्डर २ सय ७४ सहित पाँचौं स्थानमा रहे। उनले बिहीबार ६-अन्डर ६६ को उत्कृष्ट स्कोर गरे। एमेच्योरतर्फ उनी तेस्रो भए।

धरानका प्रो निरज तामाङले बिहीबार १-ओभर ७३ स्कोर गरे। समग्रमा १०-अन्डर २ सय ७८ सहित छैटौं भए। प्रो तर्फ तेस्रो भएका उनले १ लाख २५ हजार नगद हात पारे। उनी आगामी सिजनको नम्बर एक खेलाडी बनेका छन्। उनले यो सिजन तीन उपाधिसहित सर्वाधिक ८ लाख ६७ हजार ५ सय नगद पुरस्कार प्राप्त गर्दै अर्डर अफ मेरिटमा पहिलो भए।

दिनेश प्रजापति समग्रमा ९-अन्डर २ सय ७९ को स्कोरमा सातौं भए। उनले बिहीबार २-अन्डर ७० स्कोर गरे। प्रो तर्फ चौथो हुँदै नगद १ लाख ५ हजार प्राप्त गरे। शुक्र बहादुर राई समग्रमा ८-अन्डर २ सय ८० सहित आठौं भए। बिहीबार ५-अन्डर ६७ स्कोर गरे। प्रो तर्फ पाँचौं भएका उनले नगद ९२ हजार हात पारे।

समग्रमा ३-अन्डर २ सय ८५ को स्कोरमा प्रो सञ्जय लामा र एमेच्योर वाङ्चेन ढोन्डुपले संयुक्तरुपमा नवौं स्थान बाँडे। सञ्जयले इभन-पार ७२ र वाङ्चेनले २-अन्डर ७० मा बिहीबारको खेल सकाए। प्रो तर्फ छैटौं भएका सञ्जयले ८४ हजार प्राप्त गरे। यस्तै रवि खड्का, धन बहादुर थापा, जयराम श्रेष्ठ र तोरण विक्रम शाही प्रो तर्फ उत्कृष्ट दशमा रहे।

तेस्रो दिनका लिडर राहुलले बिहीबार फ्रन्ट नाईनमा बोगी रहित ५-अन्डर ३१ स्कोर गरे। उनले पहिलो, तेस्रो, छैटौं, सातौं र नवौं होलमा बर्डी प्रहार गरे। ११औं र १२औं होलमा पनि एक-एक सट बचाउँदा २३-अन्डरमा स्कोर पुर्याइसकेका थिए। तर ४-पारको १४औं होलमा डबल बोगी खेप्दा ब्याक नाइन इभन-पार ३६ मा सकाए।

### लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/03/06**

यस सा.व.उ.स बाट संकलित खयर काठ ५०.६८ क्यू.फिट (हर्ट उड) लिलाम बिक्री गर्नु परेकोले सूचीकृत उद्योगहरूलाई यो १५ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

**कालिका सा.वन उपभोक्ता समूह, व्यास १०, तनहूँ।**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०६/११ मा दर्ता भएको **प्रा. लि. नं. २७३४८३** को **शिलशिला एग्रो फर्म प्रा. लि.** को मिति २०८१/१२/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

## खरेल काष्ठ फर्निचर उद्योग बिर्तामोड-४ झापाद्वारा उत्पादित सोफासेटहरूको बिक्री मूल्य सार्वजनिक गरिएको सूचना

यस फर्निचर उद्योगमा उत्पादन भएका देहायमा उल्लेखित स्पशिफिकेशनका सोफासेटहरुको तपशिल बमोजिम डिलर तथा खुद्रा मूल्य सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैकोजानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | सोफासेट स्पेशिफिकेशन | इकाई | डिलर मूल्य (भ्याट बाहेक) | खुद्रा मूल्य (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | अफिस कर्नर सोफासेट उचाइ ४२" चौडाई ३२" लम्बाई २१x२२ गरी १००D फोम किरा नलाग्ने, कडा काठको राम्रो स्वीट कपडा | प्रति सिट | १५,०००/- | १६,५०० /- |
| २ | अफिस टेबल L डबलबाट १८m² प्लाई १m² फोर डबल पेस्ट्रिङ्ग लगाएर साइज ७Ft X ७Ft को | प्रति सिट | ४५,०००/- | ४८,०००/- |
| ३ | अफिस टेबल सिङ्गलबाट १८m² को प्लाई १m² फोर माइका लगाएको साइज २Ft X २.५F X ४F | प्रति सिट | १६,०००/- | १७,००० /- |
| ४ | टि टेबल १८m² X १८m² फोरमाइका २४"X२४X३६" डबल पेस्टिङ्ग तीन तला भएको | प्रति सिट | १८,०००/- | २०,०००/- |

**भुल सुधार**

मिति २०८२/०३/०५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यस खरेल काष्ठ फर्निचर उद्योग बिर्तामोड-४ झापाको उत्पादित सोफासेटहरुको बिक्री मूल्य सार्वजनिक सूचनामा डिलर मूल्य भ्याट बाहेक र खुद्रा मूल्य भ्याट बाहेक हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको सम्बन्धित सबैमा जानकारी गराइन्छ।

## बर्जु गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
अमाहिवेल्हा, सुनसरी, कोशी प्रदेश, नेपाल

### जनहितमा जारी सूचना

**गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं।**
- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्।
- संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाइमा ध्यान दिऔं।

**हावाहुरीबाट बचौं र बचाऔं।**
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं

**बाढीपहिरोबाट जोगिऔं**

जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदाः
- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।
- बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं

**चट्याङबाट बच्ने उपायः**
- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं।

**लामखुट्टेबाट रोगबाट बचौं।**

औंलो(मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिसजस्ता संक्रामक रोग लामखुट्टेको टोकाइबाट हुने गर्दछ।
- यसबाट बच्न, झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने, पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,

## युएईमा रोजगार

कम्पनी: **EMARAT ALOULA CONTRACTING ONE PERSON COMPANY L.L.C** शहर : **ABU DHABI**
पूर्व स्वीकृत मितिः २०८२/०२/०२ चलानी नं.: ६०२३७५०१ L.T. No.: 323862 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Boy | 50 | 0 | सम्बन्धित काममा दक्ष | 850 | ३१,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaners (Male) | 100 | 0 | | 800 | ३०,०८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ६ गते (20 June 2025) मा हुनेछ।**
**अन्तर्वार्ता श्री राम जानकी ट्रेनिङ सेन्टर बर्दिबास १४, महोत्तरीमा २०८२ असार ७ गते (21 June 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

